# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक ४२ | काठमाडौँ | बुधबार, २१ जेठ २०८२ | Prabhab National Daily | Wednesday, June 04, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


भिजिट भिसामा मानव तस्करी प्रकरण

## गृहमन्त्रीको राजीनामा अडानमा प्रतिपक्षी थकाउँदै सत्तापक्ष

- जसरी हुन्छ प्रतिपक्षीलाई थकाएर सदन सञ्चालन गर्ने तयारीमा सत्तापक्ष
- राजीनामालाई 'बटमलाइन' बनाएको माओवादी केन्द्र लचक बन्दै
- राजीनामाको विकल्पमा उच्चस्तरीय छानबिन समिति बनाउनुपर्ने माओवादीको प्रस्ताव, तर सत्तापक्षबाट अस्वीकार
- गृहमन्त्रीको राजीनामाकै अडानमा रास्वपा



भिजिट भिसा प्रकरणमा पनि सुत्तापक्षले जबरजस्ती गर्न खोजेका थिए । हामीले छानबिनको विषय मुख्य भएकाले सरकारको भनाइ के छ ? भनेपछि अहिले सदन स्थगित भयो । त्यहाँ पनि हाम्रो लडाइँ जारी छ ।

**पुष्पकमल दाहाल**
अध्यक्ष, माओवादी केन्द्र



गृहमन्त्रीमाथि प्रश्न उठेपछि जवाफ दिन पाउने उहाँको हक हो । उहाँ जवाफ दिन तयार हुनुहुन्छ । उहाँले जवाफ दिएपछि मात्रै विपक्षी दलहरूको मागबारे छलफल हुन्छ ।

**महेश बर्तौला**
प्रमुख सचेतक, नेकपा एमाले

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रतिपक्षी दलले भिजिट भिसा प्रकरणमा निष्पक्ष छानबिनका लागि गृहमन्त्रीबाट रमेश लेखकको राजीनामा मागिरहेका छन् । जसकारण मंगलबारको प्रतिनिधिसभा बैठक बस्न सकेन । सत्तापक्ष भने जसरी हुन्छ प्रतिपक्षीलाई थकाएर सदन सञ्चालन गर्ने तयारीमा देखिन्छ ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयका तत्कालीन प्रमुख तीर्थराज भट्टराईलाई अख्तियारले जेठ ७ गते नियन्त्रणमा लिएपछि गृहमन्त्री लेखक विवादमा तानिएका हुन् । त्यसयता प्रतिपक्षी दलहरूले सदन अवरोध गर्दै आएका छन् । गृहमन्त्रीको राजीनामा माग्दै आएका उनीहरूले बजेट भाषणमा सदन खुलाए पनि त्यसपछि आफ्नो अडान छाडेका छैनन् ।

यद्यपि, प्रतिपक्षी दलहरूमा दरार देखिएको छ । अहिले राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) राजसंस्थाको पुनर्स्थापनाको मागसहित सडक आन्दोलनमा छ ।

क्रमशः पृष्ठ २ मा

### पद जोगाइदिन गृहमन्त्रीको 'हारगुहार'

गृहमन्त्री रमेश लेखकले आफ्नो राजीनामाको माग चर्किएपछि आफूनिकट पत्रकारलाई फोन गरी तीर्थराज भट्टराईलाई अख्तियारले बयान नलिएको समाचार लेखाएका थिए । त्यसपछि बजेटका कारण मिडियामा केही समय भिजिट भिसा प्रकरण सेलायो । यही क्रममा लेखकले पूर्वडिएसपी गोविन्द पन्थी प्रयोग गरे ।

पन्थीले माओवादीबाट गृहमन्त्री बनेका नारायणकाजी श्रेष्ठकै पालामा यस्तो लेनदेन सुरु गरेको भन्दै विपक्षीको मागलाई कमजोर बनाउनेगरी सामाजिक सञ्जालमा पोस्टहरू गर्न थाले । यस विषयमा तत्काल 'रेस्पोन्स' गर्दै गृह मन्त्रालयले आन्तरिक छानबिन थालेको जनायो । विपक्षी नहट्ने र माथिका हारगुहारले काम नगरेपछि गृहमन्त्री लेखकले अहिले भने विपक्षी दलका नेताहरूलाई नै फोन गरी अनुनय गर्न थालेका छन् । गृहमन्त्री लेखकले आफ्नो पद जोगाइदिन भन्दै विपक्षी दलका नेताहरूलाई हरदिन फोन गर्न थालेका हुन् । जसले गर्दा माओवादी नेताहरू यो प्रकरणबाट 'ब्याक' हुने सम्भावना बढेको बताइन्छ ।

## प्रदेशलाई हस्तक्षेप गर्दै यातायात व्यवसायीको पक्षमा उभियो सरकार




यस सम्बन्धमा मिति २०८२।२।२० मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयबाट सार्वजनिक यातायात बन्दका कार्यक्रम फिर्ता गरी जनजीवन सामान्यीकरण गर्ने वातावरण निर्माणको लागि राईड सेयरिङ सम्बन्धी प्रावधानको कार्यान्वयन हाललाई स्थगन गर्न अनुरोध भई आएकोले यसपूर्व भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय, गण्डकी प्रदेशबाट गठन भएको वार्ता समितिले सरोकारवाला पक्ष (यातायात सम्बन्धित महासंघ र संघ संगठनहरु) लाई वार्ताको लागि पुनः आहान गरी वार्ता सम्पन्न गर्न एक महिनाको अवधि तोक्ने र उल्लिखित अवधिभर गण्डकी प्रदेश राईड सेयरिङ (नियमन र व्यवस्थापन) नियमावली, २०८२ बमोजिमका राईड सेयरिङ सम्बन्धी प्रावधानको कार्यान्वयन गर्ने कार्य प्रकिया स्थगन गर्ने भनि निर्णय भएको व्यहोरा जानकारीको लागि सबैमा अनुरोध छ ।

■ जेबी योञ्जन

**काठमाडौं–** संघीय सरकारले प्रदेश सरकारको संवैधानिक अधिकारमाथि हस्तक्षेप गरेको छ । 'राइड सेयरिङ' तथा 'सेल्फ ड्राइभ' व्यवस्थापन तथा नियमन गर्न गण्डकी प्रदेश सरकारले ल्याएको नियमावली रोक्न संघ सरकारले मंगलबार निर्देशन दियो । निर्देशनअनुसार गण्डकी सरकारले एक महिनाका लागि नियमावली स्थगन गर्ने निर्णय गरेको छ ।

गण्डकीको यस्तो निर्णयपछि सार्वजनिक यातायात व्यवसायीले बन्द फिर्ता लिने निर्णय मंगलबार राति गरेको छ । यससँगै यातायात राति देखि नै सञ्चालन भएको नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका अध्यक्ष विजय स्वाँरले जानकारी दिए । 'सरकारले गण्डकीले ल्याएको नियमावली रोक्यो । यसपछि हामीले गाडी चलाउने निर्णय गर्‍यौं,' उनले प्रभावसँग भने ।

तर, संवैधानिक कानुनका जानकारहरूको मुख्य चासो प्रदेशको एकल अधिकारमाथि संघ सरकारले अनावश्यक हस्तक्षेपमा छ । संविधानको अनुसूची ६ मा यातायात व्यवस्थापनको अधिकार प्रदेश सरकारलाई छ । यो अनुसूचीमा प्रदेश सरकारको एकल अधिकारहरू छन् । सोहीअनुसार गण्डकी सरकारले राइड सेयरिङ तथा सेल्फ ड्राइभ व्यवस्थापन तथा नियमन गर्न नियमावली ल्याएको थियो । नियमावलीको प्रावधानमा सार्वजनिक यातायात व्यवसायी असन्तुष्ट भए । उनीहरू नियमावली खारेजीको माग राख्दै आन्दोलित भए । जनजीवन प्रभावित भयो । नियमावली विवादित बन्यो । विवादित भएको भन्दै संघ सरकारले गण्डकीले ल्याएको नियमावली रोक्न निर्देशन दियो ।

- प्रधानमन्त्री कार्यालयको निर्देशनपछि गण्डकी सरकारले एक महिनाका लागि स्थगन गर्‍यो 'राइड सेयरिङ' नियमावली
- स्थगनको निर्णयसँगै यातायात व्यवसायीको आन्दोलन फिर्ता, मंगलबार रातिबाटै चल्न थाले सार्वजनिक सवारीसाधन
- प्रदेश सरकारले ल्याएको नियमावली रोक्ने संघ सरकारको कदम संवैधानिक व्यवस्थाविपरीत

संवैधानिक कानुनका जानकार वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी संघ सरकारले गलत मनसायले विवाद समाधानको नाममा प्रदेशको अधिकारमाथि हावी हुने मनसाय प्रकट गरेको बताउँछन् । यो राम्रो संकेत नभएको उनको भनाइ छ ।

'संविधानमा तीन तहकै सरकारको एकल र साझा अधिकार सूची छन् । क-कसले के गर्ने ? संविधानमै अधिकारका सूचीहरू किटान छन्,' उनले भने, 'तर, गण्डकीको हकमा उसले जुन नियमावली ल्याएको थियो, त्यो रोक्नु भनेर निर्देशन दिनु प्रदेशको अधिकारमाथि हावी हुनु हो । यो संवैधानिक कदम होइन ।'

राइडिङ सेयरिङसम्बन्धी नियमावलीविरुद्ध आन्दोलनमा उत्रिएको यातायात व्यवसायीसँग संघीय सरकारले सोमबार रातिसम्मै वार्ता गरेर सहमति भएको जनाएको थियो । व्यवसायीसँग सहमति गर्ने क्रममा संघ सरकारले गण्डकी प्रदेश सरकारलाई बेवास्ता गरेको थियो । सोही सहमतिका आधारमा गण्डकीलाई संघ सरकारले पत्राचार गरेको हो ।

क्रमशः पृष्ठ २ मा



सरकारले गण्डकीले ल्याएको नियमावली रोक्यो । यसपछि हामीले गाडी चलाउने निर्णय गर्‍यौं ।

**विजय स्वाँर**
अध्यक्ष, नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ



गण्डकीको हकमा उसले जुन नियमावली ल्याएको थियो, त्यो रोक्नु भनेर निर्देशन दिनु प्रदेशको अधिकारमाथि हावी हुनु हो । यो संवैधानिक कदम होइन ।

**दिनेश त्रिपाठी**
वरिष्ठ अधिवक्ता




प्रदेशले बनाएको कुनै कानुनमा विवाद आउन सक्छ, आए संघले सहजीकरण गर्ने हो, हावी हुनेगरी निर्णय गर्ने होइन ।

**रमण श्रेष्ठ**
वरिष्ठ अधिवक्ता

सन्दर्भः वैदेशिक रोजगार

## साउदीबाट मृतकको शव झिकाउन तीन महिनासम्म लाग्दा परिवारलाई थप पीडा

- अन्य मुलुकको तुलनामा साउदी गएका श्रमिकको मृत्यु भए शव झिकाउन लामो समय कुर्नुपर्ने अवस्था
- सम्बन्धित देशको कानुनी प्रक्रियाका कारण ढिलाइ हुने गरेको वैदेशिक रोजगार बोर्डको भनाइ



■ प्रभाव संवाददाता

**काठमाडौं–** रोजगारीका लागि साउदी अरब गएका महोत्तरी रामगोपालपुर-९ का सुरेन्द्रप्रसाद यादवले गत वैशाख २३ गते आत्महत्या गरे । उनी अघिल्लो वर्षको जेठ २२ गते साउदीस्थित 'अरबियन फल' नामक कम्पनीमा लेबर काममा गएका थिए ।

भाइको मृत्युको खबर पाएपछि सुरेन्द्रका दाजु र काका शव झिकाइमाग्न वैदेशिक रोजगार बोर्डमा आए । तर बोर्डले छिटोमा पनि एक महिना लाग्छ भनेपछि उनीहरू थप पीडामा परे । 'यस्तो होला भनेर कसले सोचेको थियो र ? जे हुनु भइसक्यो । बोर्डबाट शव चाँडो झिकाइदिए हुन्थ्यो,' दाजु सञ्जयकुमार यादवले प्रभावसँग भने, 'अन्तिम संस्कार नगरी हाम्रोमा सबै काम अड्किन्छ । यतिसम्म कि दाह्री, कपाल पनि काट्न मिल्दैन । सबैलाई समस्या भइसक्यो ।'

मृतक सुरेन्द्रका दुई छोरा, एक छोरी र श्रीमती छन् । आत्महत्या गर्नुअघि सुरेन्द्रले 'मेरो दिमागले काम गरेन,नेपाल आउँछु' भन्ने गरेको उनका दाजु सञ्जयले सुनाए । झिकाउनका लागि म्यानपावरमा खबर गर्दा दुई महिना झुलाइदिएको उनको गुनासो छ । 'बल्लतल्ल नौ तारिखमा झिकाइदिन्छु भनेको थियो तर भाइले छ तारिखमै आत्महत्या गरिहाल्यो,' सञ्जयले भने ।

कतार गएकी सर्लाही लालबन्दीकी सरिता घिसिङले पनि गत जेठ २ गते आत्महत्या गरिन् । २५ वर्षकी सरिता क्लिनरमा कतार गएकी थिइन् । उनी गएको १९ महिना भएको थियो । 'हाम्रो छोरा छ । उनले किन आत्महत्या गरिन् केही थाहा छैन,' सरिताका श्रीमान्ले भने । सरिताको शव झिकाउन भने लामो समय लागेन । बोर्डमा निवेदन दिएको १२ दिनमा शव आएको उनका श्रीमान्ले बताए ।

इलामका पूर्णकुमार मगरको संयुक्त अरब इमिरेट्स (युएई)मा गत जेठ दुई गते मृत्यु भयो । पेन्टरको काममा गएका मगरको दुर्घटनामा मृत्यु भएको उनका काकाले बताए । मृतकको शव जेठ १३ गते घरमै आइपुगेको उनले बताए । अहिले क्षतिपूर्तिका लागि कागजात पेस गरेको उनको भनाइ छ ।

खाडीका अन्य मुलुकको तुलनामा साउदी गएका श्रमिकको मृत्यु भए शव झिकाउन लामो समय कुर्नुपर्ने अवस्था छ । चालु आर्थिक वर्षको १० महिना (साउन-वैशाख) मा साउदीमा १०७ जना नेपली श्रमिकको मृत्यु भएको तथ्यांक छ । परम्पराअनुसार मृतकको अन्तिम संस्कार नगरी विभिन्न सामाजिक काम नै रोकिने गरेको मृतकका परिवारको गुनासो छ । सबै काम छिटो गर्न सकिने युगमा पनि शव ल्याउन महिनौं लाग्नु चित्तबुझ्दो नभएको उनीहरूले बताए ।

श्रमिकको शव कति समयमा आइपुग्छ भन्ने कुराको निर्धारण सम्बन्धित देशको कानुन, मृत्युको प्रकृति, श्रमिकले काम गरेको कम्पनी र श्रमिकको कानुनी स्थितिले निर्धारण गर्ने वैदेशिक रोजगार बोर्डले जनाएको छ । बोर्डको उद्धार शाखाकी अधिकृत शान्तिकुमारी सिंहका अनुसार खाडी मुलुक र मलेसियाबाट मृतकको शव झिकाउन छिटोमा एक हप्तादेखि तीन महिनासम्म लाग्ने गरेको छ । साउदीबाहेकका मुलुकबाट औसतमा दुई हप्ताभित्र शव झिकाउन सकिने उनले बताइन् ।

क्रमशः पृष्ठ २ मा

मृतकका परिवारले चाँडो शव झिकाइदिनुस् भन्नुहुन्छ । तर यसमा बोर्डको केही हात हुँदैन । दूतावासले पनि छिटो गर्न फलोअपमात्र गर्न सक्छ । कति समय लाग्छ भन्ने सम्बन्धित देशको निकायमै भर पर्छ ।

**शान्तिकुमारी सिंह**
अधिकृत, वैदेशिक रोजगार बोर्ड



पृष्ठ १ बाट क्रमशः

## प्रदेशको...

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले तत्काललाई नियमावली स्थगन गर्न पत्र पठाएको थियो। तर मंगलबार पनि देशैभर सार्वजनिक यातायात चलेनन् । जबकि, संविधानमा उल्लिखित एकल अधिकार, सर्वोच्च अदालतको फैसला र यातायात विभागहरूले गरेको परिपत्रलाई आधार बनाएर गण्डकी प्रदेश सरकारले राइड सेयरिङ तथा सेल्फ ड्राइभसम्बन्धी नियमावली ल्याएको हो । यद्यपि, ३३ वर्ष पुरानो ऐन अझैसम्म कार्यान्वयन गरिरहेको संघ सरकारले यातायात व्यवसायीको पक्षमा उभिँदै निर्णय लिएको हो।

नियमावलीको परिभाषामा 'राइड सेयरिङ सवारी भन्नाले अनलाइन प्रणालीको प्रयोग गरी राइड सेयरिङ सेवा सञ्चालन गर्न यात्रुवाहक सवारीको रूपमा यातायात कार्यालयबाट इजाजत प्राप्त दुईपांग्रे र चारपांग्रे निजी तथा सार्वजनिक सवारीसाधन सम्झनुपर्छ,' उल्लेख छ।

राइड सेयरिङ तथा सेल्फ ड्राइभलाई सार्वजनिक यातायातसरह यात्रु ओसार्न दिने निर्णय गरेपछि यातायात व्यवसायीले शुक्रबारदेखि गण्डकीमा र सोमबारदेखि देशभरकै यातायात ठप्प पारेका थिए। त्यसबाट नागरिकले सास्ती त खेपे नै उनीहरू अत्यावश्यक सेवा रोक्न नहुने अधिकारको प्रयोगबाट पनि वञ्चित भए।

वरिष्ठ अधिवक्ता रमण श्रेष्ठले प्रदेशले बनाएको कानुनमा कुनै विवाद भए सहजीकरणको भूमिकामा संघ सरकार देखिन सक्ने बताउँछन् । तर, आफैं प्रदेशले जारी गरेको नियमावली रोक्ने निर्णय गर्नु संविधानको मर्म र भावनासम्मत नभएको उनले बताए । 'प्रदेशले बनाएको कुनै कानुनमा विवाद आउन सक्छ, त्यसरी विवाद आए संघले सहजीकरण गर्ने हो, हावी हुनेगरी निर्णय गर्ने होइन,' उनी भन्छन् ।

यसअघि सरकारले यातायात व्यवसायीसँग पटक-पटक छलफल गरेको थियो । छलफलको क्रममा उनीहरूले राइड सेयरिङसम्बन्धी व्यवस्था गर्ने नियम नै नल्याउन दबाब दिएका थिए । तर, व्यवसायीको चौतर्फी दबाब झेल्दै करिब एक वर्षपछि गत ३० वैशाखमा मन्त्रिपरिषद्को बैठकबाट राइड सेयरिङसम्बन्धी अलग्गै नियमावली जारी भएको हो, जुन मंगलबारदेखि स्थगित गरिएको छ।

नियमावलीमा रातो नम्बर प्लेट भएका निजी सवारीसाधनले पनि यात्रुवाहकको रूपमा सेवा दिन पाउने व्यवस्था छ । यसपछि सार्वजनिक यातायात व्यवसायी आन्दोलित भएका हुन् । उनीहरूले आन्दोलनको कार्यक्रमअन्तर्गत यातायात बन्द गरे । बन्दबीच गण्डकी सरकारले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिवको संयोजकत्वमा वार्ता समिति बनाएर संवादका लागि बोलाएको थियो । प्रदेशको वार्ता आह्वानलाई अस्वीकार गरेर यातायात व्यवसायीहरू संघीय सरकारसँग वार्ताका लागि गएका थिए । विभिन्न चरणको सहमतिपछि यातायात व्यवसायीप्रति निरीह बन्दै संघ सरकारले गण्डकीले ल्याएको नियमावली स्थगित गर्ने कदममा सहमति जनाएको हो, जुन विवादित बनेको छ।

यसअघि २९ फागुन २०७६ मा उच्च अदालत पाटनले ट्याक्सी व्यवसायी संघले दायर गरेको रिटमा सुनुवाइ गर्दै तत्काल राइड सेयरिङ सेवा नरोक्न र आवश्यक कानुन बनाएर सञ्चालन गर्न निर्देशनात्मक आदेश दिएको थियो। सर्वोच्च अदालतले पनि पठाओ बन्द गर्न माग गर्दै हालेको रिटमा सुनुवाइ गर्दै राइड सेयरिङलाई बन्द नगर्न, तत्काल कानुनी प्रबन्ध गर्न निर्देशनात्मक आदेश जारी गरेको थियो । यस्तै, सर्वोच्चले नै ३ भदौ २०७८ मा 'पे बाइक'को सेवा नरोक्न आदेश गरेको थियो । त्यसैलाई आधार बनाएर निर्देशन तथा आदेशहरू कार्यान्वयनका लागि यातायात व्यवस्था विभागले पत्राचारसमेत गरेको छ।

राइड सेयरिङ सेवाको रूपमा इजाजत प्राप्त गर्न कम्तीमा २० वटा सवारीसाधन आबद्ध भएको हुनुपर्ने तथा सेल्फ ड्राइभको हकमा कम्तीमा पाँच सवारीसाधन आबद्ध भएको हुनुपर्ने व्यवस्था गण्डकी सरकारले ल्याएको नियमावलीमा छ ।

■■■

## गृहमन्त्रीको...

प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्र यो मागको घोर विरोधी हो । यता राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)प्रति पनि माओवादीले भर गर्न सकेको छैन। जसकारण सत्तापक्षीय दल नेपाली कांग्रेस र नेकपा एमालेले आफूले विकल्प दिनुको साटो प्रतिपक्षी दललाई गृहमन्त्रीको राजीनामाको विकल्प मागिरहेका छन् ।

### माओवादी लचक बन्दै

विदेसिने युवाबाट प्रतिव्यक्ति ५० हजारदेखि ७५ हजार रूपैयाँसम्म र युरोपियन मुलुक माल्टा, पोर्चुगललगायत देशमा चार लाख रूपैयाँसम्म अध्यागमन कार्यालयको कर्मचारीले उठाउने गरेको तथ्य बाहिरिएपछि सबैभन्दा पहिले गृहमन्त्रीका राजीनामा माओवादीले मागेको थियो। माओवादी अध्यक्ष पुष्पकमल दाहालले लेखकको राजीनामालाई 'बटमलाइन' बनाएका थिए ।

तर यही माओवादी यस विषयमा लचक बन्दै गएको छ । मंगलबार ११ बजेका लागि डाकिएको सदन गृहमन्त्रीलाई बोल्न दिने सहमतिमा पुगेपछि २ बजे चल्ने तयारी भयो । सभामुख देवराज घिमिरेसँगको छलफलपछि सत्तापक्ष पनि यो विषयमा राजी भयो । तर रास्वपाले गृहमन्त्रीको राजीनामालाई मुख्य माग बनाउनुपर्ने अडान राखेपछि माओवादीले यस विषयमा उच्चस्तरीय छानबिन समिति बनाउनुपर्ने सर्त अघि सार्‍यो । सत्तापक्षले उक्त प्रस्ताव अस्वीकार गरेपछि सदन आज (बुधबार) १ बजेसम्मका लागि स्थगित भएको छ।

सदन स्थगितपछि माओवादी अध्यक्ष दाहालले आफूहरूलाई सरकारले जबरजस्ती गर्न खोजेको दाबी गरे। 'भिजिट भिसा प्रकरणमा पनि सत्तापक्षले जबरजस्ती गर्न खोजेका थिए। हामीले छानबिनको विषय मुख्य भएकाले सरकारको भनाइ के छ ? भनेपछि अहिले सदन स्थगित भयो । त्यहाँ पनि हाम्रो लडाइँ जारी छ,' काठमाडौंमा नेवाः-तामाङ जागरण अभियान सुरू गर्दै दाहालले भने।

राष्ट्रिय सभामा भने माओवादीले गृहमन्त्रीको राजीनामा माग गरेको थियो। बैठकमा माओवादीकी प्रमुख सचेतक गंगाकुमारी बेलवासेले नैतिकताको आधारमा गृहमन्त्रीको राजीनामा आउनुपर्ने माग गरेकी हुन्। 'गृहमन्त्री रमेश लेखक बौद्धिक, शालीन, कानुन बुझेको मन्त्री हुनुहुन्छ । उहाँले बुझ्नुपर्छ नैतिकताका आधारमा राजीनामा दिने भनेको पुनः उहाँ निर्दोष ठहरिएमा त्यही पदमा बहाल भएर आउन सक्नुहुन्छ। त्यसैले गृहमन्त्री रमेश लेखकले निष्पक्ष छानबिन गर्नका लागि नैतिकताका आधारमा राजीनामा दिएर मार्गप्रशस्त गर्न माग गर्दछु,' बेलवासेले भनिन्।

सत्तापक्ष तयार नहुँदा सदन सञ्चालन हुन नसकेको माओवादी सांसद राजन दाहालले आरोप लगाए। सत्तापक्ष सहमतिबाट पछि हट्दा सदन सञ्चालन हुन नसकेको उनी बताउँछन् । 'सबै दलको तर्फबाट बोल्ने त्यसपछि गृहमन्त्रीले पनि बोल्ने र त्यसअघि सरकारको तर्फबाट न्यायिक होस् वा संसदीय छानबिन समितिको टिओआरसहित आएपछि सदनको अवरोध हटाउने हामीबीच सहमति थियो। तर, सत्तापक्ष तयार भएको छैन,' सांसद दाहालले भने।

नेकपा एमालेका प्रमुख सचेतक महेश बर्तौलाले गृहमन्त्री लेखकले सदनमा नबोली छानबिन आयोगबारे छलफल नहुने बताए । 'गृहमन्त्रीले जवाफ दिन पाउनुपर्छ हाम्रो लगातारको आग्रह त्यही हो । गृहमन्त्री जवाफ दिन तयार हुनुहुन्छ । उहाँले जवाफ दिएपछि मात्रै विपक्षी दलहरूको मागबारे छलफल हुन्छ । त्यसमा उहाँहरू तयार हुनुभएन । उहाँहरूले राजीनामा नभए छानबिन समिति बनाउनुपर्‍यो भन्नुभयो,' मंगलबार सदन स्थगितपछि बर्तौलाले भने, 'जवाफ दिँदा नै विपक्षीहरू खुसी पनि हुन सक्छ । सन्तुष्ट पनि हुन सक्छ । भोलिका दिनमा गलत नजिर नबसोस् ।'

■■■

## साउदीबाट...

'मलेसियालगायतका देशबाट एकदेखि दुई हप्ताभित्र आउँछ । साउदीबाटचाहिँ छिटोमा एक महिना हो। साउदीबाट तीन हप्ताभित्र शव आएको घटना अत्यन्तै न्यून छ,' सिंहले भनिन्।

आफूले दूतावासबाट पाएको जानकारीअनुसार साउदीमा आप्रवासी श्रमिकको मृत्यु भए ६० दिनभित्र प्रक्रिया थाल्नुपर्ने भन्ने नियम रहेकाले पनि बढी समय लाग्ने गरेको उनको भनाइ छ । आत्महत्याको केसमा तीन-चार महिना पनि लाग्न सक्छ । सडक दुर्घटना, कार्यक्षेत्रमा हुने दुर्घटनाजस्ता केसमा पनि अनुसन्धान, पुलिस रिपोर्ट, बिमाजस्ता कारणले दुई महिनाजति लाग्नसक्ने सिंहले बताइन् । कम्पनीले जति चाँडो प्रक्रिया थाल्छ त्यति चाँडो शव झिकाउन सकिने उनको भनाइ छ।

'मृतकका परिवारले चाँडो शव झिकाइदिनुस् भन्नुहुन्छ । तर यसमा बोर्डको केही हात हुँदैन। दूतावासले पनि छिटो गर्न फलोअपमात्र गर्न सक्छ । कति समय लाग्छ भन्ने सम्बन्धित देशको निकायमै भर पर्छ,' सिंहले बताइन्। वैधानिकरूपमा बसेर प्राकृतिक मृत्यु भएका घटनामा चाँडो शव झिकाउन सकिने जनाइएको छ । वैधानिकरूपमा नबसेको, लुकिछिपी काम गरेको, कम्पनीले उजुरी गरेको, अपराधमा संलग्न भएको जस्ता घटनामा भने शव झिकाउने प्रक्रिया लम्बिने सिंहको भनाइ छ।


## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १२ अंक ४० जेठ १९ गते २०८२ मा प्रकाशित कतार देशको CHANDRA KAMANA MANPOWER PVT.LTD. को ISMAIL BIN ALI ALUMIIUM कम्पनीको LT No. 324823 हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको व्यहोरा अनुरोध छ।

CHANDRA KAMANA MANPOWER PVT.LTD. (A.D. CAREERS PVT.LTD.)
Ratopul, Gauhala, Kathmandu, Nepal, Contact: +977-01-4542876, 4538339, 8130131351, 9851083561, 9802358807, 9802358802
E-mail: chandrakamna05@gmail.com, Web: www.chandrakamanamanpower.com

## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १२ अंक ४१ जेठ २० गते २०८२ मा प्रकाशित कतार देशको LUCKY HUMAN RESOURCE PVT.LTD. को IWORKFORCE DECORATION कम्पनीको LT No. 325063 र चलानी नम्बर ६०२३८९५२ हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको व्यहोरा अनुरोध छ।

Lucky Human Resource Pvt.Ltd.
Pingalasthan-08, Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६९/०६/२४ मा दर्ता कायम भएको **इनर्जिया प्रा.लि.** (प्रा.लि.नं. १०६६६५/०६९/०७०) लाई खारेजी लिक्वटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८२/०२/२० गतेको विशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको वाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दावि गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री श्रवण कुमार श्रेष्ठ/ लिक्विडेटर**
**इजाजत पत्र नं. ४०४/फोन नं. ९८५१२१७००४**

## VACANCY ANNOUNCEMENT

We are Seeking an experienced post holder to oversee in their respective role. The ideal candidate must have all the requirement met by AOCR, CAA NEPAL.

**a. Operations Director - 1  b. Safety Manager - 1**
**c. Quality Manager - 1  d. CA Manager - 1**

***Send your resume and cover letter to gaganchumbiair@gmail.com ( by 08th July 2025)***

Gaganchumbi Air Limited

Sinamangal-9, Kathmandu, **Contact** : 9841375485

## साउदीमा रोजगार

कम्पनी : Boussola Al-Bunyan Contracting Company

पूर्व स्वीकृति मिति : २०८२/०२/२० LT. No. 325112 चलानी नं. ६०२३९०७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOR/LOADER | 1 | 0 | 1000 | ३६,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ २८ गते (11th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Elite Gurkhas Overseas Pvt. Ltd.
Gongabu Townplanning-26 Kathmandu, Nepal, Tel.: +977-1-4975567, 4975568,
E-mail: proelitegurkhas@gmail.com, Web: www.elitegurkhasoverseas.com
श्रम इजाजत नं.५३५/०६१/०६२

## कतारमा रोजगार

कम्पनी : FORCE ONE CONTRACTING AND CLEANING W L L

पूर्व स्वीकृति मिति : २०८१/०८/२५ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०२/२० LT. No. 315213 चलानी नं. ६०२२९५४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Busin Executive | 5 | 0 | 2500 | ९३,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cashier | 5 | 3 | 1500 | ५६,०७० | | | | | | | |
| 3 | Driver | 12 | 0 | 2000 | ७४,७६० | | | | | | | |
| 4 | Foreman | 9 | 0 | 2500 | ९३,४५० | | | | | | | |
| 5 | General Clean Worker | 19 | 23 | 1000 | ३७,३८० | | | | | | | |
| 6 | General Cook | 6 | 1 | 1500 | ५६,०७० | | | | | | | |
| 7 | Hotel Services | 4 | 4 | 1500 | ५६,०७० | | | | | | | |
| 8 | Juice Makers | 5 | 3 | 1500 | ५६,०७० | | | | | | | |
| 9 | Labor Services | 3 | 0 | 1000 | ३७,३८० | | | | | | | |
| 10 | Labourer (Male) | 8 | 0 | 1000 | ३७,३८० | | | | | | | |
| 11 | Mason. | 3 | 0 | 1200 | ४४,८५५ | | | | | | | |
| 12 | Receptionist | 0 | 4 | 1500 | ५६,०७० | | | | | | | |
| 13 | Representative | 7 | 0 | 3000 | ११२,१४० | | | | | | | |
| 14 | Supervisor | 5 | 6 | 2500 | ९३,४५० | | | | | | | |
| 15 | Waiter | 12 | 8 | 1500 | ५६,०७० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ २८ गते (11th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

JALAJALA RECRUITMENT PVT.LTD
श्रम इजाजत नं. १२२४/०७४/०७५
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257, E-mail: jalajalarecru2017@gmail.com

## साइप्रसमा रोजगार

कम्पनी : ANDRIA KYRIAKOU PRIVATE EMPLOYMENT

पूर्व स्वीकृति मिति : २०८०/११/१३ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०२/२० LT. No. 300503 चलानी नं. ६०२१५४३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव EUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bartender | 2 | 2 | 800 | १२४,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cook | 2 | 0 | 900 | १४०,३८५ | | | | | | | |
| 3 | Domestic Worker | 0 | 2 | 400 | ६२,३९५ | | | | | | | |
| 4 | Electrician | 2 | 0 | 800 | १२४,७८५ | | | | | | | |
| 5 | Housekeeping | 0 | 4 | 700 | १०९,९९० | | | | | | | |
| 6 | Receptonist | 0 | 2 | 700 | १०९,९९० | | | | | | | |
| 7 | Waiter | 1 | 0 | 700 | १०९,९९० | | | | | | | |
| 8 | Waitress | 0 | 3 | 700 | १०९,९९० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ २८ गते (11th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | ३५,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

DYNAMIC STAFFING SOLUTION NEPAL PVT. LTD.
श्रम इजाजत नं. ६९६/०६७/६८
Mahadevsthan, Koteshwor, Kathmandu-32, Kathmandu, Nepal
Phone No. 01 : 5313401 | 01 : 5313402, 9709173602, 9709173603, 9709173608, 9709173607, P.O. Box: 5354, info@dynamicstaffsolution.com, www.dynamicstaffsolution.com

## युएइ/कुवेतमा रोजगार

कम्पनी : MOHAMMED ABDULMOHSIN AL-KHARAFI & SONS L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०१/२६ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०२/२० LT. No. 323525 चलानी नं.६०२२९०८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 140 | 0 | 900 | ३३,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MUNTAHA BASIT BUILDING CLEANING AND TECHNICAL SERVICE L.L.C

पूर्व स्वीकृति मिति : २०८१/११/३० पुन विज्ञापन स्वीकृति मिति : २०८२/०२/२० LT. No. 320397 चलानी नं.६०२३८८२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolder Helper | 50 | 0 | 900 | ३३,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : PYTHON GENERAL SECURITY GUARD SERVICES CO LLC

पूर्व स्वीकृति मिति : २०८१/०९/११ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०२/२० LT. No. 316072 चलानी नं.६०२३८८२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 50 | 0 | 1200 | ४४,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : GULF NASEEM GENERAL TRAD. & CONT. CO.

पूर्व स्वीकृति मिति : २०८१/०५/२४ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०२/२० LT. No. 310435 चलानी नं.६०२३८८२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labors | 76 | 0 | 95 | ४२,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AYADI HUMAN CAPITAL SOLUTIONS L.L.C. - SOLE PROPRIETORSHIP L.L.C..

पूर्व स्वीकृति मिति : २०८१/०६/११ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०२/२० LT. No. 311427 चलानी नं.६०२३८८२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labor | 70 | 0 | 900 | ३३,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 40 | 0 | 1200 | ४४,५३० | | | | | | | |
| 3 | Mason | 35 | 0 | 1200 | ४४,५३० | | | | | | | |
| 4 | Steel Fixer | 39 | 0 | 1200 | ४४,५३० | | | | | | | |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Future Star Manpower Pvt. Ltd.
श्रम इजाजत नं. ३९७/०६०/०६१
Samakhushi, Townplaning, Kathmandu, Nepal, (Kathmandu) Phone : +977-1-4960576, 4950719, 9810101810, 9813916322, E-mail : futurestarmp397@gmail.com, Website : www.futurestarmanpower.com


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

बुधबार, २१ जेठ, २०८२

| | |
|---|---|
| मेष | समाजिक जिम्मेवारी उपलब्ध हुनेछ । |
| वृष | सानोतिनो समस्याले अल्झाउन सक्छ । |
| मिथुन | प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । |
| कर्कट | मिहिनेछ गर्दा आम्दानीको स्रोत फेला पर्ला । |
| सिंह | काम गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ । |
| कन्या | विवादास्पद कामको जिम्मेवारी आउनेछ । |
| तुला | सोचेको उपलब्धि तत्काल प्राप्त नहुने । |
| वृश्चिक | सम्भावना देखिए पनि समयमा काम नहुने। |
| धनु | कामको मेरो नमिल्दा केही अलमल्ल हुनेछ। |
| मकर | नयाँ कामको अवसर प्राप्त हुनसक्छ । |
| कुम्भ | सुखद समाचारले उत्साह जगाउनेछ । |
| मीन | रोकिएका काम सम्पादन हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२१ जेठ, २०८२ (०४ जुन, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३६.३२ | १३६.९२ |
| युरो | १ को | १५५.७२ | १५६.४० |
| पाउन्ड स्टिर्लङ | १ को | १८४.५८ | १८५.४० |
| स्विस फ्रैन्क | १ को | १६६.७७ | १६७.५१ |
| अस्ट्रेलियन डलर | १ को | ८८.४१ | ८८.८० |
| क्यानाडियन डलर | १ को | ९९.४९ | ९९.९३ |
| सिङ्गापुर डलर | १ को | १०५.९९ | १०६.४५ |
| जापानी येन | १० को | ९.५६ | ९.६० |
| चिनियाँ युआन | १ को | १८.९३ | १९.०२ |
| साउदी अरब रियाल | १ को | ३६.३४ | ३६.५० |
| कतारी रियाल | १ को | ३७.४१ | ३७.५७ |
| थाई भाट | ख १ को | ४.१९ | ४.२१ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.११ | ३७.२८ |
| मलेसियन रिङेट | १ को | ३२.०३ | ३२.१७ |
| दक्षिण कोरियन वन | १०० को | ९.९१ | ९.९५ |
| स्विडिस क्रोनर | १ को | १४.३४ | १४.४० |
| डेनिस क्रोनर | १ को | २०.८७ | २०.९६ |
| हङकङ डलर | १ को | १७.३८ | १७.४६ |
| कुवेती दिनार | १ को | ४४४.७३ | ४४६.६९ |
| बहराइन दिनार | १ को | ३६१.६१ | ३६३.२० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# कामपा प्रहरी प्रमुख पाण्डे निलम्बित, जोशीलाई निमित्त प्रमुखको जिम्मेवारी



**काठमाडौं (प्रस)**– काठमाडौं महानगरपालिकाका निमित्त नगर प्रहरी प्रमुख राजुनाथ पाण्डेलाई निलम्बन गरिएको छ । महानगरका प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईंले पाण्डेलाई छ महिनाका लागि निलम्बन गरेका हुन् ।

पाण्डेलाई अघिल्लो साता प्रशासकीय अधिकृत गुरागाईंले आफूलाई कार्यालय प्रवेश गर्न अवरोध किन पुऱ्याएको ? जनप्रतिनिधि र आफूभन्दा उच्च पदका कर्मचारीलाई किन दुर्व्यवहार गरेको भन्दै स्पष्टीकरण सोधेका थिए ।

प्रशासकीय अधिकृतले सोधेको स्पष्टीकरणको जवाफ पाण्डेले सातौं दिनको अन्तिम समयमा बुझाएका थिए । उनले बुझाएको स्पष्टीकरण चित्तबुझ्दो नभएको भन्दै पाण्डेलाई निलम्बन गरिएको गुरागाईंले बताएका छन् ।

निमित्त नगरप्रहरी प्रमुखका रूपमा कार्यरत पाण्डे करिब दुई वर्षभन्दा बढी समयदेखि जिम्मेवारीमा छन् । निमित्त कर्मचारीको हकमा छ महिनामात्र हुने भए पनि पाण्डेको हकमा सो नियम लागू भएको थिएन । महानगरका जनप्रतिनिधिहरूले पनि पाण्डेलाई नै स्वीकार गरिरहेको थिए ।

प्रमुख प्रशासकीय अधिकृत गुरागाईंलाई कार्यालय प्रवेश गराउने क्रममा पाण्डेले जनप्रतिनिधिमाथि गरेको दुर्व्यवहारपछि जनप्रतिनिधिहरू नै पाण्डेलाई हटाउने अभियानमा लागेका थिए । पाण्डेलाई गैरकानुनी रूपमा लामो समय जिम्मेवारी दिएको विषयमा यसअघि प्रभाव दैनिकले समाचार प्रकाशन गरेको थियो । तात्कालीन प्रमुख प्रशासकीय अधिकृत वसन्त अधिकारी, कानुन विभागका प्रमुख वसन्त आचार्यसमेतको मिलेमतोमा महानगरको नगर प्रहरी बलसम्बन्धी ऐनमा निमित्त नगर प्रहरी प्रमुख छ महिना रहने प्रावधानलाई हटाएर नगरसभाबाट पास गराउन सफल भएका थिए । त्यही कानुन देखाउँदै पाण्डेलाई हालसम्म पनि निमित्तको जिम्मेवारीमा राखिएको थियो ।

पाण्डे निलम्बनमा परेसँगै कामपाको विपद् व्यवस्थापन विभागमा कार्यरत विष्णु जोशीलाई नगर प्रहरीको निमित्त प्रमुखको जिम्मेवारी दिइएको छ । जोशीले आफूलाई अर्को निर्णय नहुँदासम्म प्रहरी निमित्त प्रमुखको जिम्मेवारी दिइएको जानकारी दिए ।

# विपद् व्यवस्थापनमा विगतको कमजोरी नदोहोरियोस् : गृहमन्त्री

■ **प्रभाव संवाददाता**



**काठमाडौं**– गृहमन्त्री रमेश लेखकले सूचना संकलन एवं पूर्वानुमानलाई संवेदनशीलरूपमा लिएर विपद् व्यवस्थापनमा प्रभावकारी भूमिका निर्वाह गर्न निर्देशन दिएका छन् ।

नेपाल प्रहरी प्रधान कार्यालयमा मंगलबार आयोजित नेपाल प्रहरीको विपद् व्यवस्थापन पूर्वतयारीबारे विस्तृत जानकारी लिँदै गृहमन्त्री लेखकले विपद् व्यवस्थापनमा विगतमा भएका कमीकमजोरीको विश्लेषण गरी आगामी दिनमा त्रुटिरहित ढंगबाट कार्यसम्पदान गर्न प्रहरी कर्मचारीहरूलाई दिर्नेशन दिएका हुन् । विपद् व्यवस्थापनमा स्थानीय तह एवं अन्य सरोकारवाला नेपाली सेना, सशस्त्र प्रहरी बल नेपाल र प्रदेश सरकारलगायत निकायसँग समन्वय गरी जनताले महसुस गर्नसक्ने गरी कार्य गर्न निर्देशन दिए ।

उक्त अवसरमा विपद् व्यवस्थापनसम्बन्धी डेमो प्रदर्शन एवं विपद् उद्धार सामग्रीको अवलोकनसमेत गरे । कार्यक्रममा निमित्त गृहसचिव जयनारायण आचार्यले विपद् व्यवस्थापनमा सूचना संकलन र आपसी समन्वय महत्त्वपूर्ण हुने चर्चा गर्दै नेपाल प्रहरीले अन्य सुरक्षा निकायहरूसँग आपसी समन्वय र सहकार्य गर्दै विपद् व्यवस्थापनमा प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने बताए । आमनागरिकले संकटको बेला सुरक्षा निकायहरूलाई आशाको केन्द्रको रूपमा लिने हुनाले त्यस्तो परिस्थितिमा अत्यावश्यक सेवा प्रवाहमा थप संवेदनशील भई उच्च मनोबलका साथ कार्यसम्पादन गर्नुपर्ने उनको भनाइ थियो ।

कार्यक्रममा प्रहरी महानिरीक्षक दीपक थापाले समाजमा शान्ति सुव्यवस्था कायम गर्न, अपराध नियन्त्रण एवं अनुसन्धानगर्न, ट्राफिक व्यवस्थापन र विपद् व्यवस्थापनमा नेपाल प्रहरीले आफ्नो क्षमता र उपलब्ध स्रोतसाधनको समुचित प्रयोग गरी कुशलतापूर्वक जिम्मेवारी बहन गर्दै आएको बताए । सबै किसिमका आपत्कालीन घटनामा अग्रपङ्क्तिमा रहेर प्रहरीले बहुआयामिक भूमिका निर्वाह गर्दै आएको र निरन्तर गरिरहने प्रतिबद्धतासमेत उनले व्यक्त गरे ।

कार्यक्रममा नेपाल प्रहरी प्रधान कार्यालय नेपाल प्रहरी विपद् व्यवस्थापन कार्यालय सामाखुसी, काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरी एवं सातवटै प्रदेश प्रहरी कार्यालयका प्रमुख तथा प्रतिनिधिले विपद् व्यवस्थापन पूर्वतयारीसम्बन्धी आ-आफ्नो प्रस्तुतीकरण गरेका थिए ।

# शिलान्यासको छ वर्षपछि बल्ल नमूना सदरमुकाम निर्माण थालियो

**त्रिवेणी (नवलपरासी)**– शिलान्यासको छ वर्षपछि नवलपरासी (बर्दघाट सुस्ता पूर्व) नवलपुरको नमूना सदरमुकाम निर्माणले गति लिएको छ । २०७६ वैशाख ७ गते जिल्लामा रहने सबै सरकारी कार्यालय एकै ठाउँमा निर्माण गर्ने गरी सदरमुकामको शिलान्यास गरिएको थियो ।

जिल्लाको कावासोती नगरपालिका-३, मा रहेको १८७ बिघा जग्गामा सदरमुकाम निर्माण गर्ने महत्त्वाकांक्षी योजना अघि सारिएको थियो । तर शिलान्यास भएको लामो समयसम्म काम अघि बढ्न सकेको थिएन । हाल आएर सदरमुकाम निर्माणले गति लिएको छ ।

नमूना सदरमुकाम निर्माणस्थलमा हाल दुईवटा ठेक्काबाट अलग-अलग कार्यालयका भवन निर्माणको काम अघि बढेको छ । पहिलो चरणमा जिल्ला प्रशासन कार्यालयको भवन र अन्य दुईवटा कार्यालय रहनेगरी एउटा एकीकृत भवन निर्माणको काम थालिएकोमा अहिले थप भवन निर्माणको काम सुरु गरिएको छ । चौधरी कस्ट्रक्सनले ३० करोड ६५ लाख छ हजार रूपैयाँको लागतमा जिल्ला प्रशासन कार्यालय र एउटा एकीकृत भवन निर्माणको काम गरिरहेको छ ।

२०८३ पुस २१ सम्म निर्माण सम्पन्न गर्नेगरी कामअघि बढिरहँदा अहिले दोस्रो चरणमा भ्याटबाहेक तीन अर्ब ६१ करोड रूपैयाँको लागतमा सदरमुकाम निर्माणस्थलमा थप काम अघि बढेको सघन सहरी तथा भवन निर्माण आयोजना, चितवनका प्रमुख झपटबहादुर थापाले बताए ।

समानान्तर-बुद्ध हिमाली जेभीले अहिले अदालत भवन, सरकारी वकिलको कार्यालय, सभाहल, तीनवटा एकीकृत भवन, ब्यारेक, आवास गृह, सदरमुकामस्थल कम्पाउन्ड, निर्माणस्थलसँगै जोडिएको केरुंगे खोला तटबन्ध, सदरमुकामस्थलको मूल सडक कालोपत्र, खानेपानी र विद्युत् लाइन विस्तार लगायतको काम गर्नेगरी ठेक्का प्राप्त गरेको आयोजनाका प्रमुख थापाले बताए । *रासस*

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना**
**सूचना प्रकाशित मिति : २०८२/०२/१५**

यस कार्यालयमा मिति २०७६/०८/०८ मा दर्ता भएको श्री **लंगुर ठाकुर कन्स्ट्रक्सन एण्ड सप्लायर्स (दर्ता नं. २२८८९९)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना**
**सूचना प्रकाशित मिति : २०८२/०२/१५**

यस कार्यालयमा मिति २०७१/०२/२० मा दर्ता भएको **फोर ग्रूप फर रिक्रुटमेण्ट सेक्युरिटी प्रा.लि. (प्रा.लि. नं. १२३२०८)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०३/१६ मा दर्ता भएको **प्रा. लि. नं. २६३९६७/०७७/०७८** को **उत्कृस्त्री क्लोथिङ स्टोर प्रा. लि.** को मिति २०८२/०२/१९ को विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**

**नेचासल्यान गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
नेचावेतघारी, सोलुखुम्बु

**सच्याइएको सूचना**

यस प्रभाव राष्ट्रिय दैनिकमा मिति २०८२ जेठ २० गते प्रकाशित **बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**मा **प्रकाशित मिति २०८२/०२/२०** गते हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको व्यहोरा यसै सूचना मार्फत सम्बन्धित सबैमा जानकारी गरिन्छ ।

**प्रमुख प्रशासकीय अधिकृत**


**युएईमा रोजगार**

कम्पनी : **MUHD. HAROON TECHNICAL SERVICES** | शहर : **Dubai**
पूर्व स्वीकृत मितिः २०८२/०२/२० | चलानी नं.: ६०२३९०४६ | **LT. No.: 325108**

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: AED | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,८०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labour | 6 | 0 | | 1000 | ३७,३३५ | | | | | | | |
| 3. | Mason. | 3 | 0 | | 1200 | ४४,८०२ | | | | | | | |
| 4. | Steel Fixer | 3 | 0 | | 1200 | ४४,८०२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ २८ गते (11 June 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निः शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Gov. Lic No. 1746 /081/82

**MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.**
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590,9802390077 | Email: mahainfo59@gmail.com


# निजामती अस्पतालमा नयाँ प्रविधिबाट घुँडाको जोर्नी प्रत्यारोपण

**काठमाडौं (प्रस)**– निजामती कर्मचारी अस्पतालले पहिलोपटक 'कम्प्युटर नेभिगेसन प्रविधिबाट घुँडाको जोर्नी प्रत्यारोपण' सुरु गरेको छ ।

सोमबार मिनभवनस्थित अस्पतालमा आयोजित कार्यक्रममा सरकारका मुख्यसचिव एकनारायण अर्यालले उक्त प्रविधिको उपचार सेवा उद्घाटन गरे । उनले नयाँ प्रविधिबाट सुरु गरिएको यस सेवाले बिरामीलाई सहज हुने विश्वास व्यक्त गरे ।

'नयाँ प्रविधिबाट घुँडा उपचारको सेवा दिनु निजामती कर्मचारी अस्पतालका लागि कोसेढुंगा हो । यो प्रविधि नेपालका अरु अस्पताल छैन,' मुख्यसचिव अर्यालले भने, 'अब अस्पतालले अन्य उपचारका लागि पनि नयाँ प्रविधि भित्र्याउनुपर्छ ।' उनले नाम निजामती भए पनि अस्पताल सबै जनताको रहेको भन्दै अरु अस्पतालभन्दा यसलाई उत्कृष्ट बनाउनुपर्ने बताए ।

अस्पतालका कार्यकारी निर्देशक डा. मोहनचन्द्र रेग्मीले कम्प्युटर प्रविधिबाट घुँडाको जोर्नी प्रत्यारोपण गरेर सेवा शुभारम्भ गरिसकेको र अब हरेक सेवामा अत्याधुनिक उपचार पद्धति लागू गरिने बताए ।

घुँडाको जोर्नी प्रत्यारोपण गर्न सफल चिकित्सक डा. सुमनबाबु मरहट्ठाले कम्प्युटर नेभिगेसन प्रविधीबाट घुँडा प्रत्यारोपण गर्नु नेपालमा पहिलो भएको बताए । 'अरु प्रविधिबाट घुँडाको जोर्नी प्रत्यारोपण गरिए पनि कम्प्युटर नेभिगेसन प्रविधिबाट पहिलोपटक हो,' उनले भने, 'यसले बिरामीलाई सहज र चाँडै निको हुने हुन्छ ।'

डा. मरहट्ठाले घुँडा खिइएका, घुँडा बाँगिएका, चोटपटक लागेका, घुँडा बिग्रिएका बिरामीलाई यस प्रविधिबाट उपचार गरिने बताए । गत शनिबार र आइतबार चार जना बिरामीको सफल प्रत्यारोपण गरिएको उनले जानकारी दिए ।

शनिबारको प्रत्यारोपणमा भारतीय चिकित्सकको सहयोग लिए पनि दोस्रोपटक दुई जनाको प्रत्यारोपण अस्पतालकै चिकित्सकले गरिएको त्यस अवसरमा जानकारी दिइयो । डा. मरहट्ठाका अनुसार प्रत्यारोपण गर्दा प्लास्टिक र मेटल सिमेन्टको सहायता लिइन्छ भने उक्त प्रविधिबाट हुने उपचारमा तीनदेखि साढे तीन लाख रूपैयाँ लाग्ने गरेको छ ।

दर्ता नं. ३०१/०४९/०५० | पान नं.: ३०३२११३१२

"गुणस्तरीय सेवा सहितको दिगो, प्रतिस्पर्धी र उत्कृष्ट वित्तीय सहकारी"

नेफ्स्कून

**एकीकृत फ्रेण्डसिप**
**बचत तथा ऋण सहकारी संस्था लि.**
**EKIKRIT FRIENDSHIP SAVING AND CREDIT CO-OPERATIVE SOCIETY LTD.**
**जिरी नगरपालिका-०५, दोलखा**

## धितो राखिएको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति : २०८२/०२/२१ गते)

तपसिलमा उल्लेखित ऋणीहरूले यस संस्थाबाट विभिन्न शीर्षकमा लिनुभएको ऋणको संस्थासंग ऋण लिने बेलामा भएको सम्झौताको शर्त बमोजिम संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज र हर्जना रकम नबुझाई भाखा नघाएकोमा सो असुलीको लागि संस्थाबाट पटक पटक लिखित, मौखिक एवं भेटघाट मार्फत तारताकेता गर्दा समेत सोको बेवास्ता गरी तिर्नु बुझाउनु पर्ने रकम नबुझाउनु भएकोले तपाईले यस संस्थाबाट लिर्नु भएको ऋणको साँवा, ब्याज, हर्जना र अन्य दैदस्तुर समेत यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र यस संस्थाको मुख्य कार्यालय तथा सेवाकेन्द्र कार्यालयहरूमा सम्पर्क राखी भुक्तान गर्नु हुन अनुरोध सहित यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ। उक्त अवधिभित्र यहाँले तिर्नु पर्ने रकम चुक्ता फछ्यौट नगरेमा यहाँले संस्थाको नाममा धितो सुरक्षण लेखिदिएको तपसिल बमोजिमको घर जग्गा र लिगलिगापात समेत सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, संस्थाको विनियम, लिलाम नीति तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्रि गरी लेना रकम असुल उपर गरिने र यहाँलाई संस्थाको ऋण नतिर्ने व्यक्तिको कालोसूचीमा समावेश गरी नियामक निकायमा जानकारी गर्ने व्यहोरा समेत अवगत गराईन्छ।

लिलाम बढाबढ कार्य यस संस्थाको मुख्य कार्यालय, जिरी नगरपालिका वडा नं ५, दोलखामा मिति २०८२।०३।२५ गते बुधबार दिनको ११ बजे हुने भएकोले तपसिल बमोजिमका घररजग्गा यथास्थितिमा लिलाम बढाबढ गर्न आउनु हुन समेत सबै साहुमहाजन, सर्वसाधारण र सम्बन्धित ऋणी तथा सम्पत्ति धितो बन्धक लेखिदिने सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ। लिलाममा सबैभन्दा बढी डाँक बोल्नेको नाममा लिलाम सदर गरिने छ। लिलाम सकार गर्नेले उक्त दिन डाँक रकमको कम्तिमा १० प्रतिशत रकम धरौटी स्वरूप दाखिला गर्नु पर्नेछ र बाँकी रकम ७ (सात) दिन भित्र बुझाउनु पर्नेछ। दाखिला खारेज गर्दाका सम्पूर्ण खर्चहरू लिलाम सकार गर्ने व्यक्तिले व्यहोर्नु पर्नेछ। अन्य कुराको जानकारी संस्थाबाट प्राप्त गर्न सकिनेछ। लिलाम हुने दिन बिदा परेमा सो पछि कार्यालय खुल्ने दिनमा लिलाम हुनेछ। लिलाम सदर वा बदर गर्ने सम्पूर्ण अधिकार संस्थालाई हुनेछ। कसैले बोल कबोल नगरेमा सम्बन्धित धितो राखिएको सम्पत्ति यस संस्था आफैंले सकार गर्ने व्यहोरा समेत सूचित गरिन्छ।

**तपसिल:**

| ऋणीको विवरण | धितो सुरक्षणकर्ताको विवरण | धितो सुरक्षणको विवरण |
|---|---|---|
| नामथर : बम बहादुर तामाङ<br>सदस्य नं. : ६२१४<br>बाबु : प्रेम बहादुर तामाङ<br>बाजे : केशर बहादुर तामाङ<br>ठेगाना : गोकुलगंगा-३, रामेछाप  | नामथर : बम बहादुर तामाङ<br>बाबु : प्रेम बहादुर तामाङ<br>बाजे : केशर बहादुर तामाङ<br>ठेगाना : गोकुलगंगा-३, रामेछाप | मालपोत कार्यालय रामेछापमा दर्ता श्रेष्ता कायम भएको रामेछाप जिल्ला साविक रस्नालु-७ हाल गोकुलगंगा-३ को कि.नं. ५५ को क्षे.फ. ६-५-२-१ को १ कित्ता जग्गा |
| नामथर : लोकेन्द्र खत्री<br>सदस्य नं. : ९८८<br>बाबु : टिका बहादुर खत्री<br>बाजे : अमृत बहादुर खत्री<br>ठेगाना : जिरी-६, दोलखा  | नामथर : लोकेन्द्र खत्री<br>बाबु : टिका बहादुर खत्री<br>बाजे : अमृत बहादुर खत्री<br>ठेगाना : जिरी-६, दोलखा | मालपोत कार्यालय दोलखामा दर्ता श्रेष्ता कायम भएको दोलखा जिल्ला साविक जिरी-८ हाल जिरी-६ को कि.नं. २२९५, २३००, २३०३ को क्षे.फ. क्रमशः ४९५, २७२५, १५३५ व.मी. को ३ कित्ता जग्गा |
| नामथर : होम बहादुर बस्नेत<br>सदस्य नं. : ७८०३<br>बाबु : प्रेम बहादुर बस्नेत<br>बाजे : दल बहादुर बस्नेत<br>ठेगाना : गोकुलगंगा-२, रामेछाप  | नामथर : होम बहादुर बस्नेत<br>बाबु : प्रेम बहादुर बस्नेत<br>बाजे : दल बहादुर बस्नेत<br>ठेगाना : गोकुलगंगा-२, रामेछाप | मालपोत कार्यालय रामेछापमा दर्ता श्रेष्ता कायम भएको रामेछाप जिल्ला साविक ठोसे-२ हाल गोकुलगंगा-२ को कि.नं. ११४, ११५, १२९ को क्षे.फ. क्रमशः ८-१३-२-१, २-६-२-३, ०-६-२-१ को ३ कित्ता जग्गा |
| नामथर : डबल बहादुर श्रेष्ठ<br>सदस्य नं. : ४५२२<br>बाबु : बाबुराम श्रेष्ठ<br>बाजे : लाल बहादुर श्रेष्ठ<br>ठेगाना : गोकुलगंगा-२, रामेछाप  | नामथर : डबल बहादुर श्रेष्ठ<br>बाबु : बाबुराम श्रेष्ठ<br>बाजे : लाल बहादुर श्रेष्ठ<br>ठेगाना : गोकुलगंगा-२, रामेछाप | मालपोत कार्यालय दोलखामा दर्ता श्रेष्ता कायम भएको दोलखा जिल्ला साविक श्यामा-७ र माली-१ हाल जिरी न.पा.-२ को कि.नं. ८७५, १५२८ को क्षे.फ. क्रमशः १९५३३, ३००० व.मी. को जग्गा कित्ता -२ |
| नामथर : सविना श्रेष्ठ<br>सदस्य नं. : ६८९२<br>श्रीमान : डबल बहादुर श्रेष्ठ<br>ससुरा : बाबुराम श्रेष्ठ<br>ठेगाना : गोकुलगंगा-२, रामेछाप  | नामथर : सविना श्रेष्ठ<br>श्रीमान : डबल बहादुर श्रेष्ठ<br>ससुरा : बाबुराम श्रेष्ठ<br>ठेगाना : गोकुलगंगा-२, रामेछाप | मालपोत कार्यालय दोलखामा दर्ता श्रेष्ता कायम भएको दोलखा जिल्ला साविक माली-१ हाल जिरी न.पा.-२ को कि.नं. १५२७ को क्षे.फ. ५०९० व.मी. को १ कित्ता जग्गा |
| नामथर : दिपेन्द्र जिरेल<br>सदस्य नं. : २१२९<br>बाबु : खरे सिं जिरेल<br>बाजे : सेतेविर जिरेल<br>ठेगाना : जिरी-६, दोलखा  | नामथर : दिपेन्द्र जिरेल<br>बाबु : खरे सिं जिरेल<br>बाजे : सेतेविर जिरेल<br>ठेगाना : जिरी-६, दोलखा | मालपोत कार्यालय दोलखामा दर्ता श्रेष्ता कायम भएको दोलखा जिल्ला साविक जिरी-८ हाल जिरी-६ को कि.नं. ८७९, ३६४७, ७३८, ७३४, ९१२, ८९९ र ७३३ को क्षे.फ. क्रमशः १०५०, १३०, ४१५, ७०, १००, ४६५ र १३५ व.मी. को ७ कित्ता जग्गा |
| नामथर : निर्मला शिवाकोटी<br>सदस्य नं. : १२३१३<br>श्रीमान : हरि बहादुर श्रेष्ठ<br>ससुरा : कोमल बहहादुर श्रेष्ठ<br>ठेगाना : भि.न.पा.-६, दोलखा  | नामथर : हरि बहादुर श्रेष्ठ<br>बाबु : कोमल बहादुर श्रेष्ठ<br>बाजे : पदम बहादुर श्रेष्ठ<br>ठेगाना : भि.न.पा.-६, दोलखा  | मालपोत कार्यालय दोलखामा दर्ता श्रेष्ता कायम भएको दोलखा जिल्ला साविक चरिकोट-३ हाल भि.न.पा.-६ को कि.नं. २६५८ को क्षे.फ.३३५ व.मी. को जग्गा कित्ता -१ |
| नामथर : गोमा खत्री<br>सदस्य नं.: ९८३१<br>श्रीमान : प्रभु वस्नेत<br>ससुरा : उत्तर बहादुर बस्नेत<br>ठेगाना : गोकुलगंगा-४, रामेछाप  | नामथर : कमला बस्नेत<br>श्रीमान : उत्तर बहादुर बस्नेत<br>ससुरा : अम्बर बहादुर बस्नेत<br>ठेगाना : गोकुलगंगा-४, रामेछाप  | मालपोत कार्यालय रामेछापमा दर्ता श्रेष्ता कायम भएको रामेछाप जिल्ला साविक बेत्ताली-४ हाल गोकुलगंगा-४ को कि.न १११ को क्षे.फ. १५८ व.मी. को १ कित्ता जग्गा र सो कित्तामा रहेको पक्कि घर समेत |
| नामथर : रिता दर्जी<br>सदस्य नं. : १६७४<br>श्रीमान : विर बहादुर दर्जी<br>ससुरा : बेद बहादुर दर्जी<br>ठेगाना : जिरी-५, दोलखा  | नामथर : रिता दर्जी<br>श्रीमान : विर बहादुर दर्जी<br>ससुरा : बेद बहादुर दर्जी<br>ठेगाना : जिरी-५, दोलखा | मालपोत कार्यालय दोलखामा दर्ता श्रेष्ता कायम भएको दोलखा जिल्ला साविक जिरी-७ हाल जिरी न.पा.-५ को कि.नं. २६८३ को क्षे.फ. ४०० व.मी. को १ कित्ता जग्गा र सोमा रहेको पक्कि घर समेत |
| नामथर : पानुर्वु शेर्पा<br>सदस्य नं. : ४४८५<br>बाबु : तेन ठिले शेर्पा<br>बाजे : सांगे शेर्पा<br>ठेगाना : गोकुलगंगा-३, रामेछाप  | नामथर : भेषमाया कार्की शेर्पा<br>श्रीमान : पानुर्वु शेर्पा<br>ससुरा : तेन ठिले शेर्पा<br>ठेगाना : गोकुलगंगा-३, रामेछाप  | मालपोत कार्यालय रामेछापमा दर्ता श्रेष्ता कायम भएको रामेछाप जिल्ला साविक रस्नालु-२ हाल गोकुलगंगा-३ को कि.नं. ९५ को क्षे.फ. ३-३-०-२ को १ कित्ता जग्गा |
| नामथर : यशोदा कुमारी शर्मा<br>सदस्य नं. : १३४९<br>श्रीमान : कुमार कार्की<br>ससुरा : रत्न बहादुर कार्की<br>ठेगाना : जिरी-५, दोलखा  | नामथर : कुमार कार्की<br>बाबु : रत्न बहादुर कार्की<br>बाजे : नर बहादुर कार्की<br>ठेगाना : जिरी-५, दोलखा  | मालपोत कार्यालय दोलखामा दर्ता श्रेष्ता कायम भएको दोलखा जिल्ला साविक जिरी-७ हाल जिरी न.पा.-५ को कि.नं. ३२७९ को क्षे.फ. २५२ व.मी. को १ कित्ता जग्गा |
| नामथर : पेम्वा शेर्पा<br>सदस्य नं. : २३७७<br>बाबु : निमा लाक्पा शेर्पा<br>बाजे : तुण्डु शेर्पा<br>ठेगाना : जिरी-५, दोलखा  | नामथर : निमालाक्पा शेर्पा<br>बाबु : तुण्डु शेर्पा<br>बाजे : सार्की शेर्पा<br>ठेगाना : जिरी-५, दोलखा  | मालपोत कार्यालय दोलखामा दर्ता श्रेष्ता कायम भएको दोलखा जिल्ला साविक जिरी-७ हाल जिरी न.पा.-५ को कि.नं. ५२३, ३९५ र १७०७ को क्षे.फ. क्रमशः ७५, १३० र ५०० व.मी. को ३ कित्ता जग्गा |
| नामथर : सुमित्रा लामा<br>सदस्य नं.: ७०१८<br>बुबा : जनक बहादुर<br>बाजे : बहादुर<br>ठेगाना : जिरी-५, दोलखा  | नामथर : सुमित्रा लामा<br>बुबा : जनक बहादुर<br>बाजे : बहादुर<br>ठेगाना : जिरी-५, दोलखा | मालपोत कार्यालय दोलखामा दर्ता श्रेष्ता कायम भएको दोलखा जिल्ला साविक जिरी-७, ८ हाल जिरी ५, ६ को कि.नं. २३६० र ७८२ को क्षे.फ. क्रमशः ३४५ र ६० व.मी. को २ कित्ता जग्गा |
| | नामथर : मदन कुमार जिरेल<br>बुबा : कर्ण बहादुर जिरेल<br>बाजे : धन बहादुर जिरेल<br>ठेगाना : जिरी-५, दोलखा  | मालपोत कार्यालय दोलखामा दर्ता श्रेष्ता कायम भएको दोलखा जिल्ला साविक जिरी-७ हाल जिरी ५ को कि.नं. १०६५, १०७०, १२३३, १२३६, १४५१ को क्षे.फ क्रमशः १२५, ४०, ९०, ३०, ३६५ र साविक जिरी-९ हाल जिरी ५ को कि.नं. २२३, ३१९ र १८६४ को क्षे.फ. ६५, २३५ र २१५ व.मी. को ८ कित्ता जग्गा |
| नामथर : अर्जुन बहादुर राउत<br>सदस्य नं. : ७१८७<br>बाबु : कर्ण बहादुर राउत<br>बाजे : माथे राउत<br>ठेगाना : गोकुलगंगा-२, रामेछाप  | नामथर : अर्जुन बहादुर राउत<br>बाबु : कर्ण बहादुर राउत<br>बाजे : माथे राउत<br>ठेगाना : गोकुलगंगा-२, रामेछाप | मालपोत कार्यालय रामेछापमा दर्ता श्रेष्ता कायम भएको रामेछाप जिल्ला साविक ठोसे-६ हाल गोकुलगंगा-२ को कि.नं. १०८, ११०, ११३, ११७, ११८, १२३, १२६, १३०, १३१ र साविक रस्नालु-१ हाल गोकुगंगा-३ कि.नं. ७, ३, ७, ३८, ४१, ४३, १६ को क्षे.फ क्रमशः २-३-१-३, २-९-०-०, ०-४-०-०, ०-८-०-०, २-०-०-०, ३-१२-०-०, ०-१३-०-०, ०-६-३-०, १-१०-२-०, ०-७-०-०, ०-८-३-०, ०-१०-१-३, ०-५-०-०, २-८-२-२, २-१-१-०, १-४-०-० को १६ कित्ता जग्गा |
| नामथर : शान्त कुमार जिरेल<br>सदस्य नं. : ४२४५<br>बाबु : काले जिरेल<br>बाजे : सुकमान जिरेल<br>ठेगाना : जिरी-४, दोलखा  | नामथर : शान्त कुमार जिरेल<br>बाबु : काले जिरेल<br>बाजे : सुकमान जिरेल<br>ठेगाना : जिरी-५, दोलखा | मालपोत कार्यालय दोलखामा दर्ता श्रेष्ता कायम भएको दोलखा जिल्ला साविक जिरी-६ हाल जिरी-४ को कि.नं. १२२, ३३३, ३४०, ४४९, १६९५, ३३७, ३३८, १४२५ र १४२६ को क्षे.फ. क्रमशः १६५, १०००, १२१५, ३३०, ३३५०, १०, १४०, ६५० र ८५ व.मी. को ९ कित्ता जग्गा |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### व्यवसायीसामु झुक्दै संघीयताको भद्द मजाक

गण्डकी प्रदेश सरकारले 'राइड सेयरिङ'सम्बन्धी नियमावली ल्याएपछि सार्वजनिक यातायात व्यवसायी आन्दोलित बन्यो । पहिले गण्डकीभर आन्दोलनमा उत्रिएको व्यवसायी गण्डकी सरकारले नटेरेको भन्दै देशभर आन्दोलनमा उत्रियो। संघीयतामा प्रदेशले आफू अनुकूल कानुन बनाउन पाउने संवैधानिक व्यवस्था छ । हरेक देशमा यस्तो अभ्यास छ । सोहीअनुसार गण्डकीले राइड सेयरिङसम्बन्धी नियमावली ल्याएको हो । यातायात व्यवसायीका मनोमानी, सिण्डिकेट र राइड सेयरिङ एपले पनि चर्को शुल्क असुल्न थालेपछि गण्डकीले नियमावली नै बनाएर व्यवस्थित बनाउन खोजेको थियो ।

तर संघ सरकारले नै कानुन नबनाएको अवस्थामा गण्डकी अघि बढेको भन्दै व्यवसायीले आन्दोलन गरेर अन्ततः सरकारलाई घुँडा टेकायो। व्यवसायीको एक दिनको आन्दोलन धान्न नसकेको संघ सरकारले गण्डकी सरकारलाई तत्कालका लागि नियमावली स्थगित गर्न निर्देशन दियो। अहिले नेपाली कांग्रेस र नेकपा एमाले मिलेर बनेको शक्तिशाली सरकार छ संघमा। प्रदेशमा पनि यस्तै तालमेलको सरकार छ । यसरी शक्तिशाली सरकारले आफैंले ल्याएको संघीय व्यवस्थामाथि मजाक गरेको देखिन्छ ।

यतिमात्र हैन संघीय सरकारले खटाएको प्रशासकीय अधिकृतले काठमाडौं महानगरका प्रहरी प्रमुख राजु पाण्डेलाई निलम्बन गरेका छन्। खासमा काठमाडौं महानगरका मेयर बालेन्द्र साहको कार्यशैलीमाथि प्रश्न गर्न सकिएला। तर महानगरको प्रहरी प्रमुख हटाउने वा राख्ने अधिकार यहाँको सरकारलाई हुनुपर्ने हो । तर गण्डकी सरकारमाथि संघीय सरकारले धावा बोलिरहेकै दिन संघीय सरकारबाट खटाएको प्रशासकीय अधिकृतले स्थानीय सरकारको अधिकार खोसेको देखिन्छ ।

स्थानीय सरकारको कल्पना संघीयताका लागि हो । यसको मुख्य ध्येय हो अधिकारको प्रत्यायोजन । विकासको विकेन्द्रीकरण । तर देशमा संघीयता आइसकेपछि पनि प्रदेश सरकार र स्थानीय सरकारको सम्पूर्ण शक्ति भने संघीय सरकारकै मुठीमा रहेछ भनेर यी दुई घटनाले पुष्टि गरेको छ। अहिले व्यवस्थामाथि चौतर्फी प्रश्न उठिरहेको छ। राजावादीहरू राजसंस्थाको मागसहित सडकमा छन् । धर्मनिरपेक्षता विरोधीहरूको उस्तै विरोध छ ।

यही मेसोमा आफूहरूलाई संघीयताको रक्षक ठान्ने शीर्ष दलका नेताहरू मञ्चमा 'संघीयता जोगाउने दल हामी नै हौं' भनेर कुर्लिरहेकै छन्। तर उनै नेताहरू संघीयताको हुर्मत यसरी नै लिइरहेका छन् । प्रदेशको निर्णयमाथि नियन्त्रण, स्थानीय तहको अधिकारमाथि नियन्त्रण गरेर संघीयता फस्टाउन सक्दैन। यसैले संघीय गणतन्त्र जोगाउने हो भने यसको पक्षधरले यस्तो भद्द मजाक गर्न आजैबाट छाडून् ।

## श्रम सरोकार

### विदेशमा कमाएको रकम स्वदेशमा आयमूलक व्यवसायमा प्रयोग गर्ने उपायहरु

- वैदेशिक रोजगारीबाट प्राप्त रकम घर पठाउँदा सो रकम कुन-कुन कार्यमा के कति खर्च गर्ने र बचत भएको रकम केमा प्रयोग गर्ने भन्ने विषयमा पहिले नै घर सल्लाह गर्नु उपयुक्त हुन्छ । आफूले खर्च गर्ने, घर खर्च गर्ने, ऋण तिर्ने र स्वदेश फर्केपछि गर्ने व्यवसायका लागि रकम जम्मा गर्ने आदिको योजना बनाएर काम गर्दा बढी प्रभावकारी हुन्छ ।
- वैदेशिक रोजगारीका क्रममा आफूले गर्ने गरेको कार्यमा प्रयोग हुने सीप र प्रविधिको स्वदेश फर्किएपछिसमेत प्रयोग गर्न सकिने विषयमा विशेष चनाखो भएर कार्य गर्नुपर्दछ। आफूले जानेको सीप र प्रविधिकै प्रयोग हुनेखालको व्यवसाय वा काम स्वदेशमा गर्न सके बढी उपलब्धिमूलक हुन्छ ।
- आफू वैदेशिक रोजगारीमै रहेका बेला आफ्नो घरमा बेरोजगार रहेकालाई आयमूलक कार्य वा व्यवसाय गर्न प्रोत्साहन गर्नुपर्छ ।
- कुनै व्यवसाय वा आयमूलक कार्यमा रकम प्रयोग गर्ने अवस्था नभएसम्म वैदेशिक रोजगारबाट प्राप्त रकमलाई बैंक वा वित्तीय संस्थामा बचत गरी सुरक्षित राख्नुपर्छ ।
- आयमूलक कार्य वा व्यवसायका लागि आफूले बनाएको सक्षम योजनाका लागि रकम अपुग भए बैंक, वित्तीय संस्था वा नेपाल सरकारले ल्याउने कार्यक्रमहरूमार्फत ऋण, सहुलियत आदि लिन सकिन्छ। यसका लागि सरकारी सूचनाहरूका विषयमा जानकारी लिने गर्नु पर्दछ।
- वैदेशिक रोजगारीमा सिकेको सीपलाई मूल्यांकन गरी प्रमाणपत्रसमेत दिने व्यवस्था हुने भएकोले आफ्नो सीपको परिक्षण गराई योग्यताको प्रमाणपत्र लिने गर्नु पर्दछ ।

**वैदेशिक रोजगारीमा आर्जन गरेको रकम र सीप प्रयोग गरी विभिन्न अयमूलक कार्य गर्न सकिन्छ, जसमा:**

- दैनिक उपभोग्य वस्तुहरूको व्यापार (किराना पसल, होटल, रेस्टुराँ, कस्मेटिक, गिफ्ट सप आदि) सञ्चालन गर्ने ।
- विदेशमा सिकेको सीप तथा प्रविधिको प्रयोग गरी गाउँस्तरमा साना उद्योग सञ्चालन गर्ने ।
- कृषि फार्म (जस्तैः बाख्रापालन, कुखुरापालन, बंगुरपालन, माछापालनलगायत)मा लगानी गरी आय आर्जन बढाउने ।
- बेमौसमी तरकारीखेती गरी आय आर्जन बढाउने ।
- सिलाइ, बुटिक, पार्लर, पोतेका सामग्री बनाउने, खेलौना बनाउनेजस्ता काम पनि गर्न सकिन्छ ।

# स्वास्थ्य बिमा यथार्थ, भ्रम र भावी बाटो



■ डा. रघुराज काफ्ले

स्वास्थ्य बिमा सामाजिक सुरक्षामा आधारित अवधारणा हो । यो नाफा कमाउनभन्दा पनि नागरिकलाई स्वास्थ्य सेवा प्रदान गर्न राज्यले सुरु गरेको नवीन काम हो । स्वास्थ्य उपचार नागरिकको अधिकार हो र राज्यको दायित्व । बढ्दो स्वास्थ्य उपचार खर्च राज्यले मात्र व्यहोर्न नसक्ने तथ्यलाई मनन गरी नागरिकसँगको संयुक्त योगदानमा सञ्चालन गर्न खोजिएको एक विधि हो वा प्रणाली हो । यसमा आमनागरिकको क्षमताअनुसार योगदान हुन्छ, राज्यले पनि त्यसमा स्रोत मिसाउँदछ । अनि सबैभन्दा महत्वपूर्ण पाटो जसलाई स्वास्थ्य उपचारको खाँचो पर्दछ यो उसैले सेवा लिने विधि हो ।

गएको वर्ष २०८१ मा नेपालमा निकै चर्चा भएको एउटा विषय हो, स्वास्थ्य बिमा । राष्ट्रको उच्च नेतृत्वदेखि दूरदराजका नागरिकसम्म स्वास्थ्य बिमाले एउटा कम्पन सिर्जना गरेको छ । सरोकार राख्ने क्षेत्रबीच त यसको चर्चा भइरहेको थियो नै स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले सुधारका लागि विशेष प्रयास अगाडि बढाउने घोषणा गरेर निरन्तर पहलकदमी लिएपछि स्वास्थ्य बिमा राष्ट्रिय बहसकै विषय बन्न पुग्यो । स्वास्थ्य बिमाको सुधार नै नेपालको स्वास्थ्य क्षेत्रमा समाजवाद ल्याउने आधार हो भन्ने ढंगबाट प्रस्तुतमात्र भएनन् उनले बिमा सुधारको भरपर्दो मार्गचित्र नै प्रस्तुत गरेर सुधार अघि बढाउन अनवरत योगदान दिएपछि समग्र स्वास्थ्य क्षेत्रमा एउटा भिन्न माहोल सिर्जना भएको छ । यो ढंगको आक्रामक तर सुझबुझपूर्ण प्रयत्नले सकारात्मक नतिजा दिन्छ भन्ने आशा आमनागरिकमा जगाएको छ । त्यसमा पनि यो पंक्तिकारलगायतको टोलीले स्वास्थ्य बिमा सुधार गर्न सकिने मार्गचित्रसँगै सुधारको खाकासहितको प्रतिवेदन बुझाउँदा प्रधानमन्त्रीले देखाएको चासो र कार्ययोजना बनाई अगाडि बढ्न दिएको निर्देशनले अब स्वास्थ्य बिमा सुधारले गति प्राप्त गर्ने विश्वास आमनागरिक तहसम्मै बढेको छ ।

स्वास्थ्य बिमाका सवालमा नेपालमा चलिरहेको बहसमा खासगरी दुई धार देखिन्छ- एउटा यो चल्दैन, हुँदैन र धान्न सकिँदैन र अर्को स्वास्थ्य उपचारको यो नै सबैभन्दा उत्तम उपाय हो, यसलाई व्यवस्थित गरेर लान सकिन्छ । स्वास्थ्य बिमाले लिएको बाटो ठीक छ तर यसलाई सुधार गर्नु आवश्यक छ । दुईवटै धारका आ-आफ्नै तर्क त होलान्। तर एउटा वास्तविकताचाहिँ के हो भने यथार्थमा अब नेपाल स्वास्थ्य बिमाबाट भाग्नसक्ने अवस्थामा छैन । आजसम्मको भोगाइबाट पत्ता लागेको उत्तम बाटो नै यसको उचित व्यवस्थापन हो ।

यथार्थपरक दृष्टिले हेर्दा हाल स्वास्थ्य बिमामा ६२ लाख नागरिक आबद्ध छन् । लाखौं नागरिकले स्वास्थ्योपचार सेवा लिँदै आएका छन्। अस्पतालहरूमा स्वास्थ्य बिमामार्फत उपचार लिनेको घुइँचो देख्न सकिन्छ । स्वास्थ्य बिमा सुविधा सञ्चालन नगरेका अस्पतालमा बिरामी पाउन विस्तारै कठिन हुँदै गएको विश्लेषण स्वयं अस्पताल सञ्चालकहरूले गर्दै आएका छन् । खासगरी सामान्यतः स्वास्थ्य सेवाको पहुँचमा कमजोर देखिएका ज्येष्ठ नागरिक, गरिब, विपन्न, अशक्त तथा सामाजिक र आर्थिक दृष्टिबाट पछाडि परेका व्यक्तिहरूका लागि यो वरदान सावित भएको छ।

नागरिकको स्वास्थ्यप्रतिको चासो बढाउन र अस्पताल गएर स्वास्थ्य सेवा लिन यसले अभिप्रेरितमात्र गरेको छैन साँच्चिकै ऊर्जा र आत्मबलसमेत प्रदान गरेको छ । आफ्नो प्रिमियम राज्यले तिरिदिने हुँदा लक्षित वर्गका ती नागरिक निर्धक्क भएर उपचार गराउन पाउने अवस्थामा छन् । देशका सबै नागरिकले सेवा लिन पाउने बनाइएकाले स्वास्थ्यमा सर्वव्यापी सहभागिताको सोच कार्यान्वयनमा लैजान स्वास्थ्य बिमाले वास्तवमै निकै योगदान गरेको छ भन्दा फरक नपर्ला। अर्बौंको स्वास्थ्योपचार गराई नागरिकलाई स्वस्थ भएर बाँच्ने वातावरण यस कार्यक्रमले सिर्जना गरेको छ ।

स्वास्थ्य बिमा कार्यक्रम आफ्नो खर्च धान्नसक्ने अवस्था छैन, यसमा सेवाप्रदायकले भुक्तानीका लागि अनावश्यक दाबीहरू पेस गरेका छन्, छाड्नेको दर निकै उच्च छ भन्ने भ्रम पनि फैलाइएको छ । सेवामा गुणस्तर कायम हुन सकेको छैन। स्वास्थ्य बिमा बोर्डको संस्थागत क्षमता विकास हुन नसक्दा सुशासन दिन सकेन, बोर्ड घाटामा छ जस्ता टिप्पणी गर्नेहरूको जमात ठूलो छ । यसरी टिप्पणी गर्नेहरू कतिपय स्वास्थ्य बिमालाई साँच्चिकै नजिकबाट बुझेका छन्। तर कतिले भने लहैलहैमा टिप्पणी गरेका छन्। सामाजिक सुरक्षामा आधारित कार्यक्रम भएकाले पनि सर्वसाधारणको स्वास्थ्य बिमाप्रति चासो र चिन्ता हुनु स्वाभाविक हो । माथि उठाइएका निरासाका प्रश्नलाई अस्वाभाविक भन्न त सकिँदैन तर विषयको गहिराइमा पुगेर कुनै टिप्पणी आएकोभन्दा पनि सतहमा जे देखियो, त्यसैलाई धेरैले सत्य मानेको देखिन्छ ।

बजारमा उठेका प्रश्नलाई केलाउँदा स्वास्थ्य बिमा सामाजिक सुरक्षामा आधारित अवधारणा हो। यो नाफा कमाउनभन्दा पनि नागरिकलाई स्वास्थ्य सेवा प्रदान गर्न राज्यले सुरु गरेको नवीन काम हो । स्वास्थ्य उपचार नागरिकको अधिकार हो र राज्यको दायित्व । बढ्दो स्वास्थ्य उपचार खर्च राज्यले मात्र व्यहोर्न नसक्ने तथ्यलाई मनन गरी नागरिकसँगको संयुक्त योगदानमा सञ्चालन गर्न खोजिएको एक विधि हो वा प्रणाली हो । यसमा आमनागरिकको क्षमताअनुसार योगदान हुन्छ, राज्यले पनि त्यसमा स्रोत मिसाउँदछ। अनि सबैभन्दा महत्वपूर्ण पाटो जसलाई स्वास्थ्य उपचारको खाँचो पर्दछ यो उसैले सेवा लिने विधि हो। हाम्रो जस्तो कमजोर आर्थिक अवस्था भएको देशमा स्वास्थ्य उपचारको यो सबैभन्दा अपरिहार्य र भरपर्दो उपाय पनि हो । स्वास्थ्य बिमा कार्यक्रमको लक्ष्य उपचार कतिले लिएभन्दा पनि आवश्यक पर्ने जति भए पनि सबैले उपचार पाउन् भन्ने हो।

सेवाप्रदायकको संख्या बढ्दै गएको र उपचार लिनेको संख्या बढ्दै गएकाले सेवा प्रदायकले गर्ने दाबीमा केही कमजोरी होलान् भन्ने आकलन गरिएता पनि त्यसको समीक्षाका लागि बलियो प्रबन्ध गरिएको पाउन सकिन्छ । सुधारका गुन्जाइस त सबै ठाउँमा हुन्छ तर दाबीमा स्वच्छता कायम गर्न बोर्डले आफूसँग उपलब्ध स्रोतसाधन र क्षमताको सक्दो उपयोग गरेको देखिन्छ । धेरैले स्वास्थ्य उपचार गराउँदा घाटा भयो भन्न त सकिएला। तर, नागरिकको स्वास्थ्यलाई प्रमुख विषय मान्दा यो तर्कको खासै अर्थ भएजस्तो लाग्दैन। छाड्नेको दर उच्च छ तर प्रत्येक वर्ष बीमितको संख्या भने बढ्दै गएको छ। यसले स्वास्थ्य बिमा कार्यक्रममा आकर्षण घटेकोभन्दा पनि उपचार प्रयोजनका लागि नागरिक स्वास्थ्य बिमामा जोडिएको बुझ्न गाह्रो पर्दैन। होइन भने तथ्यांक हेर्दा हरेक वर्ष स्वास्थ्य बिमा सेवा लिनेको संख्या बढिरहेको देखिने पक्कै थिएन। हो, यसमा सुधार आवश्यक छ भन्ने नागरिकको चाहना होला । तर, यस कार्यक्रमले आफूलाई धेरै हदसम्म राहत दिएको छ भन्ने आमनागरिकको विश्वास भने यस तथ्यांकले दिलाएको प्रस्ट हुन्छ ।

### सरकारको अपरिपक्वता

गएको चैत २५ गते स्वास्थ्य बिमा कार्यक्रम सुरु भएको एक दशक लागिसकेको छ। स्वास्थ्य बिमा ऐन २०७४ जारी भएको पनि आठ वर्ष लागेको छ । तर यतिका समयसम्म पनि यत्तिका नागरिकको स्वास्थ्य बिमाको नेतृत्व गर्ने निकाय स्वास्थ्य बिमा बोर्डको संगठन संरचना स्वीकृत भएको छैन । स्थायी दरबन्दी छैन । कर्मचारी विनियम स्वीकृत हुन सकेको छैन । स्थायी व्यवस्थापन त परेको कुरा आर्थिक वर्ष सकिनै लाग्दा बल्लतल्ल चालु आर्थिक वर्षको अस्थायी दरबन्दी स्वीकृत भएको अवस्था छ। यी स्वीकृति लिन पटक-पटक सबै प्रक्रिया पुऱ्याएर बोर्डले निकै पापड बेल्दासमेत कष्टसँग सामान्य आवश्यक निर्णय हुन सकेको अवस्था छ। यो यथार्थलाई बेवास्ता गर्दै बौद्धिक वृत्तमा नै फेरि स्वास्थ्य बिमा बोर्डबाट सुशासन र संस्थागत विकासको प्रश्न उठान गर्नुले वास्तविकतालाई आत्मसात् गर्न नसकेको रूपमा बुझ्दा अन्यथा नहोला ।

नेपालमा दर्जनभन्दा बढी स्वास्थ्य सहायताका कार्यक्रम संघीय सरकार मातहतका निकायबाट सञ्चालनमा छन्। यस्ता कार्यक्रमले गर्दा सरकारको स्रोत छरिएको तथा अझ प्रस्ट शब्दमा भन्ने हो भने दुरूपयोग नै भएको अवस्था छ । यसलाई स्वास्थ्य बिमा बोर्डसँग जोड्दा सरकारको दक्षता अभिवृद्धि हुने अनि सुशासन र वित्तीय व्यवस्थापनमा पनि मद्दत पुग्ने हुन्छ। तर हाम्रा नीतिनिर्माताहरू त्यस्ता कार्यक्रमलाई एकीकृत गर्नेतर्फ सोच्नभन्दा पनि आफैंले जन्माएका संस्थाको टिप्पणीमा बढ्ता रमाएको त हैन भन्ने प्रश्न पनि पैदा भएको छ।

स्वास्थ्य बिमा ऐन, २०७४ को दफा ३ मा सबै सरकारी कर्मचारी, संगठित क्षेत्रमा कार्यरत व्यक्ति, वैदेशिक रोजगारमा जाने व्यक्तिका परिवार आदिलाई अनिवार्य आबद्धको प्रबन्ध गरिएको छ। तर सरकारी निकायबीचको सहयोग अभावमा सार्वभौम संसद्ले बनाएको कानुनसमेत कार्यान्वयनमा आउन सकेको छैन । उपचारको चरम आवश्यकता भएका मानिसमात्र स्वास्थ्य बिमामा आबद्ध भएका छन् । यसले गर्दा उपचार लिनेको संख्या उच्च छ तर उपचार खर्च लिने निश्चित गरेर मात्र आबद्ध हुने र सकिसकेपछि छाड्ने दर पनि उच्च नै छ। कानुनको कार्यान्वयन गर्न पनि स्वास्थ्य बिमा बोर्डलाई हुनुपर्ने जति मद्दत सरकारी संयन्त्रबाट भएको अवस्था छैन। यसले कतै सरकारी संयन्त्रको मनस्थिति नै यसको सुधारका कार्यक्रमप्रति बेपरवाह त छैन भनेर प्रश्नसमेत उठाउन थालिएको छ ।

सामाजिक सुरक्षामा आधारित कार्यक्रम भएकाले स्वास्थ्य बिमालाई सरकारको दिगो लगानीको आवश्यकता छ । स्वास्थ्यमा गरिने लगानी मानव पुँजी निर्माणको मुख्य लगानी हो। त्यसैले राज्यले थोरै कर तथा शुल्कबाट धेरै स्रोत जम्मा हुनसक्ने क्षेत्रहरू पहिचान गरी स्वास्थ्य बिमा कोषमा रकम जम्मा गर्ने व्यवस्था गर्नु पर्दछ। तर स्वास्थ्य बिमा कोषमा जम्मा हुनेगरी कुनै करसँग यसलाई आबद्ध गरिएको छैन। कयौं मुलुकहरूमा स्वास्थ्य बिमालाई करसँग आबद्ध गरिएको छ । दिगो स्रोतको प्रबन्ध गर्नेतर्फ नसोच्ने तर नाफा कमाउन खोलिएको संस्थालाई जस्तो घाटामा गयो भन्नु आफैंमा विरोधाभाष छ ।

अहिले सेवाप्रदायक स्वास्थ्य संस्थालाई ठूलो रकम भुक्तानी दिन बाँकी छ । सरकार आफैंले लक्षित वर्ग तोकेर निःशुल्क उपचारका लागि बोर्डलाई लगाएका बीमितको रकम आजसम्म भुक्तानी गरेको देखिँदैन । लक्षित वर्गको प्रिमियम सरकारले तिर्छ भन्ने तर नतिर्ने गर्दै आएकाले पनि बोर्डको भुक्तानी गर्न बाँकी रकम उच्च देखिएको बाहिर चर्चा नभएको दुःखद् वास्तविकता हो ।

एकातिर बोर्डले बीमितको संख्या बढाउने, सेवाप्रवाह गुणस्तरीय सरल र सुलभ बनाउने, दाबीमा स्वच्छता कायम गरी सुशासन सुनिश्चित गर्ने जिम्मेवारी लिनुपर्दछ । अर्कोतिर राज्यले बोर्डको संगठन संरचना स्वीकृत गर्ने, विज्ञ जनशक्ति भर्ना गर्न कानुन स्वीकृत गर्ने, छरिएर रहेका कार्यक्रमलाई एकीकृत गर्ने, स्वास्थ्य बिमा ऐन कार्यान्वयनमा मद्दत गर्ने र स्वास्थ्य बिमा कोषमा आउने गरी निश्चित क्षेत्रमा सेवा शुल्क तथा कर लगाउने प्रबन्ध गर्न सकेमामात्र स्वास्थ्य बिमा बोर्डको प्रभावकारिता वृद्धि भई राज्यले नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न सक्छ। समस्याको दीर्घकालीन समाधानका लागि कुनै मद्दत नगरिकन सरकारबाट काम भएन मात्र भन्ने हो भने यसको सुधार सम्भव छैन। अब एक अर्कालाई दोषारोपण गरेर दिन बिताएर नागरिकमा थप निराशा थप्ने कि विगतका कमी कमजोरी सुधार गरेर यसलाई ठीक बाटोमा हिँडाउने हो यसमा राज्य प्रस्ट हुनु आवश्यक छ।

विगतदेखि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले व्यवस्थित गर्दै लैजान सिर्जनशील प्रयास गरेको भए स्वास्थ्य बिमा बोर्ड संस्थागत भई स्वास्थ्य बिमा सफल कार्यक्रमको रूपमा दर्ज भएको हुने थियो। तर ढिलै भए पनि त्यो अवसर अहिले प्राप्त भएको छ । मन्त्रीदेखि प्रधानमन्त्रीसम्मको चासो र चिन्ता भएकाले स्वास्थ्य बिमा कार्यक्रमका समस्या सम्बोधन हुनेमा आशाका किरणहरू देखिएका छन्। हामीले पहिचान गरिसकेका मार्गको छनोट अनि कार्यान्वयनमा जोडिएका तथा जोडिनसक्ने चासो राखेका तथा चासो नराखेका सबै पक्ष साँच्चिकै इमान्दार अनि सकारात्मक भएर एकजुट बन्ने हो भने एक वर्षभित्रै अहिलेका तुलनामा आमनागरिकले चाहे र खोजेजस्तै गरी स्वास्थ्य बिमा कार्यक्रम सही बाटोमा हिँडेको सुखद् अवस्था कल्पना नभई हामी सबैमाझ वास्तविकता बन्ने सम्भावना टाढा छैन। *रासस*

*(लेखक स्वास्थ्य बिमा बोर्डका कार्यकारी निर्देशक हुन्)*

## पाठक मञ्च

### सिण्डिकेटधारी यातायात व्यवसायीलाई कारबाही गर

नेपालीमा एउटा उखान छ, 'जो चोर, उसैको ठूलो स्वर।' यातायात व्यवसायीको आन्दोलन सो उखानसँग मेल खान पुगेको छ । नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ र सार्वजनिक यातायात केन्द्रीय महासंघले सिण्डिकेट लगाएर पाँच दशकदेखि यात्रु ठगिरहेका छन् । जनताले तिरेको करमा निर्माण भएको बाटोलाई यी दुई महासंघले दुई लाखदेखि १५ लाख रूपैयाँमा बेचेका छन्। सिटभन्दा बढी यात्रु हाल्नु या गुन्द्रुक खाँदेझैं यात्रु खाँद्नु त चलन नै भइसकेको छ। यातायात व्यवसायीले सरकारले तोकेभन्दा दोब्बर भाडा यात्रुबाट असुल्दै आएका छन्।

यात्रुबाट मनलाग्दी भाडा उठाउँदै आएका यातायात व्यवसायीले सरकारले तिर्नुपर्ने कर भने ३५ वर्षदेखि बढेको छैन, त्यो पनि ३५ वटा चिजमा। ४५ वर्षदेखि कालो र हरियो प्लेटको ट्याक्सी, फो-स्टक मिटरजडित टेम्पो, कालीमाटीमा चल्ने ढुवानी गाडीको दर्ता खुलेको छैन । सोही गाडीको स्क्र्याप गरेको नम्बर प्लेटमा अर्को गाडी किनेर चलाउने क्रम जारी छ । यसो हुँदा नयाँ व्यवसायी भित्रिन पाएका छैनन् । यातायात क्षेत्रमा दशकौंदेखि सीमित व्यवसायीको राज चलिरहेको छ। २०२९ देखि २०८२ सालसम्म आइपुग्दा पनि एउटै व्यवसायीले व्यवसाय गरिरहेका छन् । यातायात व्यवसायी सार्वजनिक यातायातको संख्या बढ्न दिँदैनन्।

जसका कारण यात्रुले अनाहकमा दुःख पाएका छन् । १३ जना सिट क्षमता भएको माइक्रोबसमा २७ जनासम्म हाल्छन् । २४ जना यात्रु बोक्ने स्वीकृति पाएको बसमा ८० जनासम्म कोच्छन् । यात्रुले यात्रा गरेबापत पैसा तिरेका हुन्छन्। एकातिर मनलाग्दी पैसा लिने, अर्कोतिर थोत्रा गाडी चलाएर भीरबाट खसालेर मारिदिने।

यो पाँच दशकको अवधिमा लाखौं नागरिकले अकालमा ज्यान गुमाएका छन् । त्यसको कारण यातायात व्यवसायी हुन् । उनीहरूले थोत्रा गाडी नचलाइदिएको भए, सिट क्षमताभन्दा यात्रु नकोचेको भए, सायदै दुर्घटना हुन्थ्यो । न यत्रो जनताले ज्यान गुमाउँथे । यसको जिम्मा यातायात व्यवसायीले लिनुपर्ने हो ।

तर, यातायात व्यवसायीलाई कुनै सरोकार नै छैन । उनीहरू न सरकारप्रति जवाफदेही छन् न नागरिकप्रति । सडक निर्माणका लागि जनताले आफ्नो गरिखाने खेतबारी सुम्पिएका छन्। अर्कोतर्फ, सडक कालोपत्रे पनि जनताले तिरेकै करबाट भएको छ। यात्रा गर्दा जनताले भाडा पनि तिर्छन्।

यातायात व्यवसायीले एउटा गाडीमा २० लाखदेखि करोडसम्म लगानी गरेका छन् । एउटा गाडीले दिनमा पाँच हजारदेखि ५० हजारसम्म आम्दानी गर्छ । तर, उनीहरूले न लगानीको कर तिर्छन् न आम्दानीको । नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका अध्यक्ष विजय स्वाँर छन्।

महासंघका प्रतिनिधिहरूको अहिले काठमाडौंमा महलजस्तो घर छ। जग्गा पनि थुप्रै ठाउँमा जोडेका छन्। महँगा गाडी चढ्छन्। यातायात व्यवसायीको पृष्ठभूमि के हो र उनीहरूले कसरी कमाए ? यो सरकार र जनता दुवैले बुझ्नुपर्छ। राज्य र यात्रुलाई ठगेर मोटाएका यातायात व्यवसायीका नेताहरूको अगाडि सरकार निरीह छ, किन ? कारण हो- राजनीतिक पहुँच । विजय कांग्रेसी हुन् भने सरोज माओवादी । डोलनाथ र भरत एमालेप्रति आस्था राख्छन्। त्यसैले त यिनीहरूले यात्रु ठग्दा र भीरबाट खसालेर ज्यान लिँदा पनि सरकार मौन छ।

निर्माण व्यवसायीले बाटो बनाएको भुक्तानी नपाएर रुँदै हिँडेका छन्। अनि यातायात व्यवसायीले सो सडकमा राज गरिरहेका छन् । यातायात व्यवसायीको दादागिरीदेखि जनता आजित छन् । आफू पनि सेवासुविधा नदिने, अरुले दिएको पनि देख्न नसक्ने। यातायात व्यवसायीकै कारण त निजी प्लेटको व्यवसाय फस्टाएको हो ।

यातायात व्यवसायीले सिण्डिकेट नलगाएको भए आज सायदै निजी प्लेटले यात्रु बोक्ने सिस्टम आउँथ्यो होला । यातायात व्यवसायीले निजी प्लेटका गाडीले यात्रु बोक्न नरोकेसम्म अनिश्चितकालीन बन्द गर्ने घोषणा गरेका छन् । यातायात क्षेत्र अत्यावश्यक सेवा हो । सार्वजनिक यातायात बन्द गर्न पाइँदैन ।

जनतालाई दुःख दिने यातायात व्यवसायीसँग वार्ता गर्ने होइन, आन्दोलन गर्ने भाडाको गाडीको रोड परमिट र दर्ता खारेज गर्नुपर्छ । आन्दोलनमा आउने यातायात व्यवसायीलाई सरकारले कडाभन्दा कडा कारबाही गरोस् । जनताले पनि यातायात व्यवसायीको विरोधमा आवाज उठाउनुपर्छ।

***-- अनुसा थापा***
***भक्तपुर***

# मुस्ताङका तीन पालिकामा हिउँचितुवा सर्वेक्षण

**मुस्ताङ–** मुस्ताङमा हिउँचितुवा र आहारा प्रजातिको सर्वेक्षण सुरुआत गरिएको छ। राष्ट्रिय प्रकृति संरक्षण कोष, अन्नपूर्ण संरक्षण आयोजना इलाका संरक्षण कार्यालय (एक्याप) द्वारा संयुक्तरूपमा यहाँका तीन पालिकामा हिउँचितुवा र आहारा प्रजातिको सर्वेक्षण सुरु गरेका हुन्।

एक्याप जोमसोमका कार्यालय प्रमुख राजेश गुप्ताले थासां, घरपझों र वारागुं मुक्ति क्षेत्रको उच्च लेक, खर्क, पाटन र जंगललगायत हिउँचितुवा र आहारा प्रजातिको सर्वेक्षण तथा हिउँचितुवा र चितुवाको ओभर ल्यापिङ गतिविधि पत्ता लगाउन हिउँचितुवा र आहारा प्रजातिको क्यामरा टचापिङ थालिएको बताए। यसका लागि ३२ वटा क्यामरा व्यवस्थापन गरिएको उनको भनाइ छ। समुद्री सतहको तीन हजार मिटर उचाइदेखि चार हजार ६०० मिटरको उचाइसम्म हिउँचितुवा र आहारा प्रजातिको सम्भावित बासस्थान क्षेत्रमा सर्वेक्षणका लागि क्यामरा राखिएको हो।

एक्यापले राखेको क्यामरामार्फत हिउँचितुवालगायत अन्य वन्यजन्तुको गतिविधि क्यामराले रेकर्डमा राख्ने सुविधा रहेको कार्यालय प्रमुख गुप्ताको भनाइ छ। क्यामरामा वन्यजन्तुको श्रव्य दृष्य रेकर्ड राख्ने प्रविधि भएकाले हिउँचितुवा र आहारा प्रजातिको सर्वेक्षणमा सहज हुने कार्यालय प्रमुख गुप्ताले बताए। एक्यापले म्याग्दी र मुस्ताङको सिमाना घाँसादेखि साङ्ताहुँदै मुक्तिनाथ, झों, लुप्रा, छुसाङ, समर, तेतां, जोमसोम लेक र मार्फाको बतासे लेकलगायतको उच्चस्थानमा हिउँचितुवा र आहारा प्रजातिको संरक्षण तथा अनुगमन गर्न क्यामरा टचापिङ सुरु गरेको एक्याप जोमसोमका वन रेञ्जर दीपक ओलीले जानकारी दिए।



सर्वेक्षणका लागि ४५ दिनसम्म क्यामरा टचापिङ गर्ने गरी व्यवस्थापन गरेको वन रेञ्जर ओलीको भनाइ छ। यसरी सर्वेक्षणका लागि राखिएका क्यामरा पाँच किलोमिटरको दूरीमा राखिएको उनले बताए।

एक्याप जोमसोमले यसपटक हिउँचितुवाको सर्वेक्षणका अलवा आहार प्रजाति र हिउँचितुवा र चितुवाको ओभरल्यापिङ क्रसलाई क्यामरा टचापिङमार्फत अध्ययन गर्ने जनाएको छ। 'हिउँचितुवा र चितुवाको बासस्थान खप्टिएको छ कि छैन, हिउँचितुवा कति तलसम्म झर्ने गरेको छ र चितुवाको कति माथिल्लो उचाइसम्म पुग्ने गरेको छ, त्यसको विवरण क्यामरा टचापिङबाट अध्ययन गरिने छ,' वन रेञ्जर ओलीले भने।

क्यामरा टचापिङमार्फत आहार प्रजातिको अवस्था कस्तो छ त्यसको विस्तृत अध्ययन हुने वन रेञ्जर ओलीले उल्लेख गरे। यसका साथै हिउँचितुवाको दिशा संकलन गरी ल्याब परीक्षण गरी हिउँचितुवाको वास्तविक तथ्य पत्ता लगाइने वन रेञ्जर ओलीको भनाइ छ। एक्यापले गत वर्ष उपल्लो मुस्ताङ र तल्लो मुस्ताङमा हिउँचितुवा सर्वेक्षणका लागि दर्जनौं क्यामरा राखेर टचापिङ गरेको थियो। तल्लो मुस्ताङमा गत वर्ष आंशिक क्यामरा टचापिङ गरिएकाले यस वर्ष विस्तृत तरिकाले समेट्नेगरी टचापिङ सुरु गरिएको एक्याप जोमसोमको भनाइ छ।

यसरी हिउँचितुवा तथा अन्य वन्यजन्तुको गतिविधिलाई सर्वेक्षण गर्न राखिएका क्यामराको माध्यमबाट मुस्ताङका उच्च लेक, खर्क र पाटनमा हुने सम्भावित वन्यजन्तुको चोरीसिकार नियन्त्रणमा योगदान पुऱ्याउने एक्यापको भनाइ छ। जिल्लाका उच्च लेक तथा पाटनमा यार्सा टिप्ने सिजन सुरु भएकाले उच्च लेक तथा पाटनमा हुने अवाञ्छित गतिविधिलाई क्यामरा टचापिङले ठूलो सघाउ पुऱ्याउने जनाइएको छ। एक्याप जोमसोमले सुरु गरेको हिउँचितुवा र आहारा प्रजातिको सर्वेक्षणका लागि एक्याप वन रेञ्जर ओलीलगायत अन्य एक्यापका कर्मचारीहरू कार्यस्थलमा खटिएका छन्। *रासस*



**महभिरमा महसिकार** | म्याग्दीको धवलागिरी गाउँपालिका–२ खोरीयाको महभिरमा महसिकार गर्दै महसिकारी। म्याग्दीमा यसपालि भिरमह उत्पादन घटेको महसिकारी बताउँछन्। *तस्बिरः सन्तोष गौतम/रासस*

# संसारकोट दरबारको पुनर्निर्माण गरिँदै

**गलकोट (बागलुङ)–** यहाँस्थित संसारकोटमा पूर्वाधार निर्माणले गति लिएको छ। भग्नावशेष अवस्थामा रहेका संसारकोट दरबार क्षेत्रमा पर्खाल र भगवती मन्दिर पुनर्निर्माण सुरु गरिएको छ। सत्तल र पदमार्गलगायत पूर्वाधार निर्माण जारी छ।

संसारकोटमा दुई महिनायता मन्दिरसहितका पूर्वाधार निर्माण भइरहेको छ। बागलुङ नगरपालिका-७ मा पर्ने संसारकोट पछिल्लो समय धार्मिक पर्यटकलाई पदमार्गमार्फत त्यहाँ पुऱ्याउन थालिएको छ। संसारकोट दरबारको पर्खाल पुनर्निर्माण तथा भगवती मन्दिर निर्माणमा खटिएका कामदार दुई महिनायता जंगलमै बास बसेर पूर्वाधार निर्माणमा खटिएका छन्।

नगरपालिकाले संसारकोटलाई महत्त्वपूर्ण पर्यटकीय गन्तव्यका रूपमा चिनाउन २०७७ सालबाट विभिन्न काम सुरु गरेको थियो। समुद्री सतहबाट दुई हजार ४९० मिटरको उचाइमा रहेको संसारकोटमा अहिले संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले विनियोजन गरेको ३६ लाख रूपैयाँ बजेटबाट पुनर्निर्माण भइरहेको छ।



निर्माण आयोजना उपभोक्ता समितिका अध्यक्ष केशवबहादुर कार्कीका अनुसार अहिलेसम्म भग्नावशेष दरबारको पर्खाल पुनर्निर्माण, संसारकोट पुग्ने पदमार्ग, सत्तललगायत संरचनामा एक करोड रूपैयाँबराबरको पूर्वाधार निर्माण भइसकेको छ। वि.सं. २०७७ सालमा पुरातत्त्व विभागले ३० लाख रूपैयाँ बजेटमा दरबारको पर्खाललाई पुनर्निर्माण थालिएकामा २०७९ सालमा २० लाख रूपैयाँ बजेट थप विनियोजन गरिएको थियो। विभागले ढुंगा कुँदेर कलात्मक ढंगले ५० लाख रूपैयाँ बजेटबाट ५० मिटर ढुंगाको मात्र पर्खाल लगाइएको थियो। अहिले पर्यटन मन्त्रालयको रकमबाट २० मिटर पर्खाल थप निर्माण र भगवतीको मन्दिर बनिरहेको छ, मन्दिर ढुंगा र काठको मात्र प्रयोग गरी निर्माण गरिएको छ।

संसारकोटमा प्यागोडा शैलीको मोक्षदेवी भगवती मन्दिर, कलात्मक पर्खालको पुनर्निर्माण, सत्तल, खानेपानीका लागि आवश्यक पूर्वाधार तथा त्यहाँ पुग्ने पदमार्ग निर्माणले पछिल्लो समय धार्मिक पर्यटक आकर्षित गरेको छ। संसारकोटमा अहिले विद्युत्समेत पुऱ्याइएको छ।

तीन वर्षअघि खसगाउँबाट थाप्लोसम्म ४०० मिटर पदमार्ग, अर्को वर्ष संसारकोटबाट सम्मेनीसम्मको पदमार्ग, खसगाउँ चौपारीबाट सम्मेनीसम्म र रामाइलो डाँडा गरी झण्डै चार किलोमिटर पदमार्ग निर्माण सम्पन्न गरिएको छ। अहिले खसगाउँबाट र संसारकोटको बीच भागमा पदमार्ग बनाउन बाँकी रहेको कार्कीले बताए।

पदमार्गको बीच-बीचमा चारवटा चौतारीसमेत निर्माण भइसकेका छन्। पर्यटन प्रवर्द्धन कार्यक्रम तथा पुरातात्त्विकस्थलको संरक्षण, मर्मत र जीर्णोद्वार कार्यक्रमले संसारकोटको मुहार फेरिँदै गएको छ। जिल्लाको ऐतिहासिक पर्यटकीयस्थलका रूपमा परिचित संसारकोट बागलुङको पाला, मूलपानी, मालिका, भीमपोखरा, धम्जा र म्याग्दीको ज्यामरुककोट, गौश्वरा तथा अर्कोतर्फ भकिम्ली समेतको जंगलको धुरीमा पर्छ।

संसारकोट, ऐतिहासिक पर्यटकीय र सांस्कृतिक महत्त्व बोकेको क्षेत्रमा तत्कालीन बाइसे/चौबिसे राज्यअन्तर्गत पर्वते राजाले शासन गर्ने गरेको बूढापाकाले बताउने गरेको स्थानीय तेजप्रसाद न्युरेले जानकारी दिए। उनले बागलुङ ६ र ७ नम्बर वडामा तारजालकोट, कारिकोट, माझकोट, राँयकोट र शिरमा संसराकोट रहेकाले अहिले सबैको संगमस्थलका रूपमा पञ्चकोटको नामकरण गरेर धार्मिक पर्यटकसमेत भित्र्याइरहेको छ। संसारकोटबाट अन्नपूर्ण, माछापुच्छ्रे र धवलागिरिलगायत हिमशृंखलाको दृश्यावलोकन गर्न सकिन्छ। *रासस*

# पोषण प्याकेजले नियमित स्वास्थ्य परीक्षण गराउने गर्भवती बढे

**सिरहा (प्रस)–** लहान नगरपालिका-२० स्थित मलहन्वाकी चन्द्रमाला सिंह २०४७ सालदेखि महिला स्वास्थ्य स्यवंसेविकाको भूमिकामा छिन्। गर्भवतीलाई नियमित स्वास्थ्य परीक्षण गराउन सचेत गराउने उनको मुख्य जिम्मेवारी हो।

पहिले गाउँघरका गर्भवती स्वास्थ्य संस्थामा गई स्वास्थ्य परीक्षण गराउने प्रचलन न्यून थियो। पछिल्ला वर्षमा सो संख्यामा वृद्धि भएको उनको अनुभव छ। 'पहिले गर्भवतीले स्वास्थ्य संस्थामा गर्भावस्था सम्बन्धमा चेकजाँच गराउने चलन थिएन। अस्पतालको सहज पहुँच पनि थिएन र नियमित स्वास्थ्य परीक्षण गर्नुपर्छ भन्ने चेतना पनि थिएन,' उनले भनिन्, 'सूचना प्रविधिको विकास र विभिन्न तालिम तथा गोष्ठी सञ्चालनपछि उनीहरू नियमित परीक्षण गराउन थालेका हुन्।'

पछिल्लो समय दलित तथा मुसहर समुदायका गर्भवती पनि नियमित गर्भावस्था परीक्षण गर्ने गरेको उनले जानकारी दिइन्। यसरी स्वास्थ्य संस्थामै नियमित परीक्षण गर्ने गर्भवतीको संख्या वृद्धि हुनुको मुख्य कारणचाहिँ नगरपालिकाले तीन वर्ष अघिदेखि सुरु गरेको सुत्केरी तथा गर्भवती पोषण कार्यक्रम हो। स्वास्थ्य संस्थामा नियमित गर्भावस्था परीक्षण गर्ने महिलाहरूलाई पोषण प्याकेज प्रदान गरिन्छ।

लहान नगरपालिकाले नगरक्षेत्रभित्रका सबै वडाका गर्भवतीको स्वास्थ्य परीक्षणदर वृद्धि गर्न स्वास्थ्य संस्थामा परीक्षणमा आउनेलाई सुत्केरी तथा गर्भवती पोषण कार्यक्रम सुरु गरेको नगरप्रमुख महेशप्रसाद चौधरीले जानकारी दिए। यसै कार्यक्रमलाई निरन्तरता दिने क्रममा मंगलबार लहान-२० का ४८ गर्भवती तथा सुत्केरीलाई पोषण प्याकेज वितरण गरिएको छ। नगरप्रमुख चौधरीले भने, 'मापदण्डअनुसार गर्भजाँच गरेमा आमा र नवजात शिशुको स्वास्थ्य राम्रो हुन्छ। यस पोषण कार्यक्रमले मातृशिशु मृत्युदर घटाउन र पोषणको सुनिश्चितताका लागि सहयोग पुग्ने छ भन्ने विश्वास लिएको छु।'

नगरप्रमुख चौधरीले महिलामा पोषणको कमी नहुने र मापदण्डअनुसार नियमित परीक्षण कार्यक्रम प्रभावकारी हुने भएकाले यस कार्यक्रमलाई आफू नगरप्रमुख भएदेखि सञ्चालन गरेको बताए। उनले आगामी दिनमा सुत्केरी तथा गर्भवती पोषण कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरे। वडा नं १६ को तरेगणा र वडा नं १९ को सोनवतीमा 'बर्थिङ सेन्टर' निर्माण गर्न लागिएको जानकारी उनले दिए।

सोही क्रममा लहान-२० का वडाध्यक्ष गणेशप्रसाद चौधरीले नगरको यस पोषण प्याकेज अभियान अतिविपन्न तथा असहाय परिवारका लागि प्रभावकारी भएको बताए। सो प्याकेजमा चामल, दाल, नुन, तेल, चना, मोटर, सोयाविनलगायत खाद्यान्न सामग्री छन्।

# प्रदेश अस्पताल ५० शयचामा स्तरोन्नति गरिँदै

**तनहुँ (प्रस)–** जिल्ला सदरमुकामस्थित प्रदेश अस्पताल दमौलीलाई ५० शयचामा स्तरोन्नति गर्ने प्रदेश सरकारले निर्णय गरेको छ। केही दिनअघि बसेको प्रदेशस्तरीय मन्त्रिपरिषद् बैठकले अस्पतालको स्तरोन्नति गर्ने निर्णय गरेको हो।

स्टल्याण्डले दिएको २९७ रनको लक्ष्य पछ्याएको नेपालले ४९ दशमलव ५ ओभरमा ९ विकेट गुमाउँदै लक्ष्य पूरा गरेको थियो । नेपालको जितमा करण केसीले शानदार ब्याटिंग गरेका थिए । करणले अविजित ६५ रन बनाउदै नेपाललाई जित दिलाए । त्यस्तै कुशल भुर्तेलले ५३, गुलशन झाले ४२, भीम सार्कीले ४०, कप्तान रोहित पौडेलले ३७, आसिफ सेखले २० रन बनाएका थिए । स्कटल्याण्डका लागि ब्रेण्डन मक्कमलेनले ३, माइकल लिस्क र ज्याक जार्भिसले समान २ तथा जसपर डेभिडसनले १ विकेट लिए ।

यसअघि टस हारेर पहिला ब्याटिंग गरेको स्कटल्याण्डले ५० ओभरमा ७ विकेट गुमाउदै २९६ रन बनाएको थियो । स्कटल्याण्डका लागि चार्ली टीरले सर्बाधिक ८० रन बनाए भने फिनाली म्याकरीथले ५५ रन बनाएका थिए । त्यस्तै कप्तान रिची बेरिंगटनले ४० र म्याथ्यु क्रसले ३९ रन बनाएका थिए ।

नेपाली बलर रिजन ढकाल, करण केसी र सोमपाल कामीले २-२ विकेट लिएका थिए भने सन्दीप लामिछानेले एक विकेट लिए ।

यो जितपछि नेपालको लिग-२ मा १३ खेलमा ८ अंक भएको छ र नेपाल एक स्थान माथि उक्लिदै सातौं स्थानमा पुगेको छ ।

# कञ्चनजंघा क्रिकेट प्रतियोगिताको उपाधि आयोजक टिमलाई




■ प्रभाव संवाददाता

**पथरी–** पथरीमा सम्पन्न प्रथम कञ्चनजंघा क्रिकेट प्रतियोगिताको उपाधि आयोजक कञ्चनजंघा दैवी प्रकोप व्यवस्थापन समितिले जितेको छ ।

मंगलबार सम्पन्न रोमाञ्चक फाइनल खेलमा आयोजक टिमले डाँस-मोरङी क्लबलाई ४ विकेटले पराजित गर्दै उपाधि हात पारेको हो ।

टस हारेर पहिले ब्याटिङ गरेको डाँस मोरङी क्लबले १८ ओभर ३ बलमा सबै विकेट गुमाउँदै १२१ रनको मध्यम लक्ष्य प्रस्तुत गरेको थियो ।

डाँसका लागि उमर सानीले सर्वाधिक ३२ रन बनाए भने रोहित राजवंशीले २२, प्रदीप मण्डलले १७ र दीपेश सुवेदीले १६ रनको योगदान दिए ।

बलिङतर्फ आयोजक टिमका सुरज न्यौपानेले ३ विकेट लिए भने मोहम्मद निशार र ज्ञानेन्द्र श्रेष्ठले समान २/२ विकेट तथा अभि लिम्बू र नितेश साहनीले १/१ विकेट लिए ।

१२२ रनको लक्ष्य आयोजक टिमले १९ ओभर १ बलमा ६ विकेटको क्षतिमा पूरा गर्‍यो । जितमा सोनु मण्डलको ३६ रन, विजय घिमिरेको २९ रन र सुरज न्यौपानेको १७ रन महत्वपूर्ण रहे । डाँसका आर. के. मण्डलले ३ विकेट र प्रदीप मण्डलले २ विकेट लिए ।

प्रतियोगिताको उत्कृष्ट खेलाडी आयोजक टिमका सुरज न्यौपाने घोषित भए । उनी फाइनलमा समेत म्यान अफ दि म्याच बन्न पुगे ।

उत्कृष्ट ब्याट्सम्यानको उपाधि सोनु मण्डलले पाउँदा, उत्कृष्ट बलर डाँसका उमर सानी घोषित भए । उदीयमान खेलाडीको रूपमा पथरी-शनिश्चरे क्रिकेट क्लबका अभिषेक विक बाला चयन भए ।

विजेता टिमले नगद ५५ हजार ५ सय ५५ रूपैयाँसहित ट्रफी प्राप्त गर्‍यो भने उपविजेताले ३३ हजार ३ सय ३३ रूपैयाँ पुरस्कार पायो । विजेता तथा उपविजेता टिमलाई पथरीशनिश्चरे नगरपालिका वडा नं. १० का अध्यक्ष जीवन खतिवडासहितका विशिष्ट अतिथिहरूले पुरस्कार वितरण गरेका थिए ।

मौसमको कारण आइतबार तय गरिएको फाइनल खेल मंगलबार सम्पन्न गरिएको हो । प्रतियोगितामा कुल १६ टिमको सहभागिता रहेको थियो ।

## 'चेयरम्यान कप स्कुल चेस च्याम्पियनसिप' बुधबारदेखि

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिका वडा नं. ४ को आयोजनामा दुई दिने 'चेयरम्यान कप स्कुल चेस च्याम्पियनसिप' बालुवाटारमा बुधबार सुरु हुँदैछ । हिमालयन चेस एकेडेमी (एचसिए) ले व्यवस्थापन गर्ने च्याम्पियनसिपमा दर्जन बढी विद्यालयका दुई सय बढी खेलाडीले प्रतिस्पर्धा गर्दैछन्। चेस (बुद्धिचाल) खेलको माध्यमबाट स्थानीय विद्यार्थीको क्षमता अभिवृद्धि, प्रतिभा पहिचानसँगै अवसर सिर्जना गर्नका लागि काठमाडौं महानगरपालिका वडा नं.४ ले चेयरम्यान कप स्कुल चेस च्याम्पियनसिप आयोजना गरेको उल्लेख गर्दै वडाध्यक्ष दिनेश महर्जनले भने, 'प्रतियोगिताले यस वडाभित्रका विद्यार्थीबिच भाइचारा अभिवृद्धि गर्ने विश्वास छ।' च्याम्पियनसिपमा कामपा ४ भित्र रहेका विद्यालयमा अध्ययनरत विद्यार्थी तथा वडाबाहिर अध्ययनरत स्थानीय बालबालिकाले प्रतिस्पर्धा गर्नेछन् ।

चेसको माध्यमबाट बालबालिकामा रणनीतिक सोचको विकास हुने उल्लेख गर्दै हिमालयन चेस एकेडेमीकी संस्थापक मोनालिसा खम्बूले भनिन्, 'चेसले विद्यार्थीको बौद्धिक विकाससँगै अध्ययनलाई पनि राम्रो बनाउँछ। त्यसैले चेसलाई प्राथमिकता दिएकोमा कामपा ४ ले धन्यवाद व्यक्त गर्न चाहन्छु ।'

गत वर्षदेखि सञ्चालित एकेडेमीले थापाथलीस्थित आफ्नै हलसँगै थुप्रै विद्यालयमा चेसको नियमित प्रशिक्षण दिँदै आएको छ। उसले एक वर्षभित्रै आठ प्रतियोगिता आयोजना गरिसकेको छ ।



दक्षिणपूर्वी फ्रान्सको हायरेसमा रहेको पोर्ट क्रोस टापुको राष्ट्रिय निकुञ्ज अगाडि इले डु लेभान्ट (लेभान्ट टापु) को प्रकृतिमैत्री क्षेत्रका घरहरू । *तस्बिरः एएफपी*

# इरानको युरेनियम प्रशोधन वृद्धिप्रति राष्ट्रसंघको चासो

**कायरो–** संयुक्त राष्ट्रसंघको परमाणु निगरानी निकाय अन्तर्राष्ट्रिय आणविक ऊर्जा संस्थाका महानिर्देशक राफायल ग्रोसीले सोमबार इरानलाई आफ्नो आणविक कार्यक्रम सम्बन्धमा पारदर्शिता बढाउन आग्रह गरेका छन् । इरानले प्रतिबन्ध हटाउन खोजिरहेका बेला गरिएको यो आग्रह कूटनीतिक छलफलकै सन्दर्भमा आएको हो ।

उनले इरानी विदेशमन्त्री तथा प्रमुख वार्ताकार अब्बास अराघचीसँग कायरोमा हुने भेटघाटअघि यस्तो भनाइ सार्वजनिक गरेका हुन् । एक दिनअघि बाहिरिएको एक प्रतिवेदनमा इरानले ६० प्रतिशतसम्म प्रशोधित युरेनियम उत्पादन तीव्ररूपमा बढाएको उल्लेख छ । यो मात्रा ९० प्रतिशतको नजिक छ, जुन आणविक हतियार बनाउन प्रयोग हुने स्तर मानिन्छ ।

ग्रोसीले भने, 'हामी कुनै पूर्वाग्रह वा स्वार्थविना यथार्थ बयान गर्ने प्रयास गर्छौं । प्रतिवेदनले अवस्थालाई जस्ताको तस्तै देखाएको छ । इरानभित्र अझ पारदर्शिता आवश्यक छ भन्ने कुरा निकै स्पष्ट छ । केही गतिविधिहरूको पूर्ण विवरणविना विश्वास कायम गर्न सकिँदैन ।'

इरानले भने उक्त निष्कर्षलाई राजनीतिक प्रेरणाले प्रेरित भएको भन्दै अस्वीकार गर्दै आएको छ । इरानीपक्षले प्रतिवेदन भ्रामक र अविश्वसनीय जानकारीमा आधारित भएको दाबी गरेको छ । ग्रोसीले भने, 'हाम्रा केही निष्कर्षहरू केही पक्षका लागि असहज लाग्न सक्छन्, तर आलोचना भोग्न हामी अभ्यस्त छौं ।'

शनिबार भएको टेलिफोन संवादमा अराघचीले चेतावनी दिँदै भनेका थिए कि यदि युरोपेली मुलुकहरूले उक्त प्रतिवेदनको आधारमा आणविक प्रतिबन्ध पुनः लगाउने प्रयास गरे भने इरानले जवाफस्वरूप कारबाही गर्ने छ । यसैबीच, इरान र संयुक्त राज्य अमेरिकाबीच आणविक कार्यक्रमसम्बन्धी वार्ता चलिरहेको छ । सन् २०१८ मा अमेरिका एकपक्षीय रूपमा तेहरानसँग भएको सम्झौताबाट पछि हटेपछि अवस्था थप जटिल भएको हो ।


इरानले सोमबार यस्तो नयाँ सम्झौता हुने हो भने प्रतिबन्ध हटाइने ग्यारेन्टी माग गरेको छ । सन् २०१५ मा भएको सम्झौताले इरानलाई आणविक हतियार निर्माण गर्न नदिने उद्देश्य राखेको थियो । पश्चिमी देशहरूले इरानमाथि यस्तो हतियार बनाउन खोजेको आरोप लगाउँदै आए पनि इरानले सधैं त्यसलाई अस्वीकार गर्दै आएको छ ।

इरानी विदेशमन्त्रीले शनिबार ओमानको मध्यस्थतामा भएका पाँच चरणका वार्तापछि अमेरिकाको प्रस्तावका केही अंश प्राप्त भएको जानकारी दिएका थिए । संयुक्त राष्ट्रसंघको आणविक ऊर्जा संस्थाको कार्यकारी परिषद्को बैठक आगामी (जुन ९) देखि भियनामा सुरु हुँदै छ, जसमा इरानको आणविक गतिविधिको विस्तृत समीक्षा गरिने बताइएको छ । *रासस⁄एएफपी*

# नयाँ तारामण्डल शोले वैज्ञानिकहरूलाई ब्रह्माण्डीय रहस्य खोल्न सहयोग

**न्युयोर्क–** वैज्ञानिकहरूले एउटा अप्रत्यासित स्रोतबाट सौर्यमण्डलका धेरै रहस्यमध्ये एक खोलेका छन्, सोमबार जनताका लागि खुला गरिएको तारामण्डल शो ।

अमेरिकन म्युजियम अफ नेचुरल हिस्ट्रीमा गत शरद ऋतुमा विशेषज्ञहरू 'एन्काउन्टर्स इन द मिल्की वे' तयार गर्न कडा मिहेनत गरिरहेका थिए । यो ताराहरू र अन्य आकाशीय वस्तुहरूको चालद्वारा आकार पाएको हाम्रो घर आकाशगंगाको गहिरो अध्ययन थियो ।



उनीहरूले ओर्ट क्लाउड भनिने क्षेत्रलाई चित्रित गर्ने दृश्यलाई ठीक गरिरहेका थिए । यो प्लुटोभन्दा धेरै टाढाको क्षेत्र हो र यो सौर्यमण्डलको गठनबाट हिउँले भरिएको अवशेषले भरिएको क्षेत्र हो । धूमकेतुहरू यस बादलबाट पृथ्वीतर्फ दौडन सक्छन्, तर वैज्ञानिकहरूले यसको वास्तविक आकार कहिल्यै देखेका छैनन् ।

एक साँझ ओर्ट क्लाउडको दृश्य हेर्दा वैज्ञानिकहरूले तारामण्डलको गुम्बजमा प्रक्षेपित केही अनौठो कुरा देखे । 'त्यहाँ किन कुण्डली छ ?,' संग्रहालयका ज्याकी फाहर्टीले भने ।

अर्बौं धूमकेतुहरू मिलेर बनेको ओर्ट क्लाउडको भित्री भाग हाम्रो मिल्की वे आकाशगंगाको आकार जस्तै दुई लहरदार हातहरू भएको बारजस्तो देखिन्छ । वैज्ञानिकहरूले लामो समयदेखि ओर्ट क्लाउडलाई गोलाकार वा च्याप्टो खोलाको आकारको भएको, अन्य ग्रहहरू र आकाशगंगाको धक्का र तानाबाट विकृत भएको ठानेका थिए । तारामण्डल प्रदर्शनीले भित्र अझ जटिल आकार हुनसक्ने संकेत गर्‍यो ।

संग्रहालयले सोका लागि ओर्ट क्लाउड डेटा प्रदान गर्ने शोधकर्तालाई सम्पर्क गर्‍यो । उनीहरू पनि कुण्डली देखेर पनि चकित भए । 'यो वास्तवमा भएको एक प्रकारको संयोगजन्य दुर्घटना हो,' साउथवेस्ट रिसर्च इन्स्टिच्युटका डेभिड नेस्भोर्नीले भने । अनुसन्धानकर्ताहरूले केही नयाँ कुरामा ठक्कर खाएको महसुस गरेपछि उनीहरूले यस वर्षको सुरुमा द एस्ट्रोफिजिकल जर्नलमा आफ्ना निष्कर्षहरू प्रकाशित गरे ।

'यो कुण्डली बाहिरी सौर्यमण्डलको हाम्रो बुझाइमा एक उल्लेखनीय परिवर्तन हो,' अध्ययनमा संलग्न नभएका राइस विश्वविद्यालयका ग्रह वैज्ञानिक आन्द्रे इजिडोरोले इमेलमा भने । इजिडोरोका अनुसार आकाशीय वस्तुहरूको चालका डेटा र सिमुलेसनको प्रयोग गरेर गरिएको यो खोज अवलोकनद्वारा पुष्टि गर्न गाह्रो हुने छ । तर टाढाका धूमकेतुहरूको कक्षाको बारेमा थप जान्नाले वैज्ञानिकहरूलाई केही सुराग दिनसक्छ ।

तारामण्डल शो तयार गर्दा संग्रहालयका विशेषज्ञहरूले ब्रह्माण्डको आन्तरिक कार्यप्रणालीमा झचालको अपेक्षा गरेका थिएनन् । संग्रहालयका जोन पार्करका अनुसार अभिनेता पेड्रो पास्कलले वर्णन गरेको यो शोमा धेरै जीवन्त दृश्यहरू छन् जसले ओर्ट क्लाउडभन्दा दर्शकहरूलाई बढी आकर्षित गर्न सक्छ, जसमा मिल्की वेसँग धनु मिनी आकाशगंगाको चलिरहेको मिश्रण समावेश छ ।

शोका दृश्यहरू जतिसुकै आकर्षक र सुन्दर भएता पनि संग्रहालय यसलाई वैज्ञानिकरूपमा सटिक बनाउन प्रतिबद्ध थियो । यसैले केही नयाँ कुरामा ठक्कर खाने उत्तम अवस्था सिर्जना भएको संग्रहालयका कार्टर एमार्टले बताए । 'तपाईंले के फेला पार्न जाँदै हुनुहुन्छ भन्ने तपाईंलाई कहिल्यै थाहा हुँदैन,' एमार्टले भने । *रासस⁄एपी*

# ट्रम्प र सीबीच फोनवार्ताको तयारी



**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र चीनका राष्ट्रपति सी जिनपिङले यस हप्ताको अन्त्यमा लामो समयदेखि प्रतीक्षित फोनवार्ता गर्ने सम्भावना रहेको ह्वाइट हाउसले सोमबार बताएको छ । विश्वका दुई ठूला अर्थतन्त्रबीच व्यापारिक तनाव फेरि बढ्दै गएको छ ।

गत हप्ता विश्वको दोस्रो ठूलो अर्थतन्त्र चीनलाई सम्झौता उल्लंघन गरेको आरोप लगाउँदै ट्रम्पले चीनसँगको तनावलाई पुनः सुरु गरे । उक्त सम्झौताबाट दुवै देशलाई अस्थायी रूपमा ठूला पारस्परिक शुल्कहरू घटाउन नेतृत्व गरेको थियो ।

'दुई नेताले यस हप्ता कुरा गर्ने सम्भावना छ,' ट्रम्प र सी बोल्छन् कि भनेर सोधिएको प्रश्नमा प्रेससचिव क्यारोलिन लेभिटले वेस्ट विङ बाहिर पत्रकारहरूलाई भने । मंगलबार उक्त बयानबारे सोधिएको प्रश्नमा चिनियाँ विदेश मन्त्रालयका प्रवक्ताले बेइजिङसँग 'उपलब्ध गराउनका लागि कुनै जानकारी नभएको' बताए ।

ट्रम्प सत्तामा फर्किएको पाँच महिनाभन्दा बढी समयपछि उन र सीबीच अहिलेसम्म कुनै पुष्टि भएको सम्पर्क भएको छैन । यद्यपि अमेरिकी राष्ट्रपति ट्रम्पले फोन आसन्न रहेको बारम्बार दाबी गरे । ट्रम्पले अप्रिलमा टाइम म्यागजिनको अन्तर्वार्तामा सीले उनलाई फोन गरेको बताएका थिए तर बेइजिङले हालै कुनै फोनवार्ता नभएको जोड दिएको थियो । अन्य देशहरूले संयुक्त राज्य अमेरिकालाई 'लुट्दै' र व्यापारिक असन्तुलन चलाएको आरोप लगाउँदै ट्रम्पले अप्रिलमा विश्वव्यापी व्यापक भन्सार शुल्कहरू लागू गरे । भन्सार शुल्कले चीनलाई सबैभन्दा बढी लक्षित गर्‍यो ।

बेइजिङ र वासिङ्टनले गत महिना जेनेभामा शीर्ष अधिकारीहरूबीचको वार्तापछि ९० दिनका लागि एकअर्कामा आश्चर्यजनकरूपमा उच्च भन्सार शुल्क कटौती गर्न सहमति गरेका थिए । तर ट्रम्प र वासिङ्टनका अन्य शीर्ष अधिकारीहरूले गत हप्ता चीनलाई सम्झौता उल्लंघन गरेको आरोप लगाए । वाणिज्यमन्त्री हावर्ड लुटनिकले फक्स न्युज सन्डेमा टिप्पणीमा बेइजिङले सम्झौतालाई 'ढिलो-रोलिङ' गरिरहेको बताए ।

बेइजिङले सोमबार ती 'झूठा' अमेरिकी दाबीहरूलाई अस्वीकार गर्‍यो र वासिङ्टनलाई 'धेरै भेद्भावपूर्ण प्रतिबन्धात्मक उपायहरू' लागू गरेको आरोप लगायो । ट्रम्पले बुधबारदेखि स्टिल र एल्युमिनियममा विश्वव्यापी भन्सार शुल्क दोब्बर गरेर ५० प्रतिशत बनाउने प्रतिबद्धता व्यक्त गर्दै युरोपेली संघ (इयू) सहित अन्य व्यापार साझेदारहरूसँग तनाव बढाएका छन् । *रासस⁄एएफपी*

# मंगोलियाका प्रधानमन्त्रीले दिए राजीनामा

**उलानबाटर–** मंगोलियाका प्रधानमन्त्री लुब्सान्नामस्राइन ओयुन-एर्डेनले सांसदहरूबीच विश्वासको मत गुमाएपछि मंगलबार राजीनामा दिएको संसदीय विज्ञप्तिमा बताइएको छ ।

राजधानी उलानबटारमा कथित भ्रष्टाचारविरुद्ध केही दिनको विरोध प्रदर्शनपछि गोप्य मतदान भएको हो । ओयुन-एर्डेन ३० दिनभित्र आफ्नो उत्तराधिकारी नियुक्त नभएसम्म कार्यवाहक प्रधानमन्त्रीका रूपमा रहने विज्ञप्तिमा भनिएको छ ।

उत्तरी एसियाको भूपरिवेष्ठित लोकतन्त्र मंगोलियाले दशकौंदेखि गहिरो भ्रष्टाचारसँग लड्दै आएको छ । देशका धनी अभिजात वर्गले सामान्य जनसंख्याको खर्चमा वर्षौं लामो कोइलाखानीको लाभ जम्मा गरिरहेको मुलुकका धेरै जना विश्वास गर्छन् ।

सन् २०२१ मा ओयुन-एर्डेनले सत्ता सम्हालेपछि ट्रान्सपरेन्सी इन्टरनेसनलको भ्रष्टाचार धारणा सूचकांकमा मंगोलिया तल झरेको छ । देशले बारम्बार प्रदर्शन र अशान्ति देखेको छ र सयौं युवा गत हप्ता उलानबटारमा उनको राजीनामाको माग गर्दै निस्केका थिए । सार्वजनिक आक्रोशलाई बढावा दिन प्रधानमन्त्री परिवारका सदस्यहरूले सार्वजनिक पैसामा निजामती सेवकले वहन गर्नसक्ने भन्दा धेरै विलासी जीवनशैलीको आनन्द लिइरहेका छन् भन्ने आरोप लगाइएको छ ।

गत महिना एएफपीलाई दिएको एक बयानमा प्रधानमन्त्रीको कार्यालयले आरोपहरूलाई 'बदनामी' भनेर वर्णन गर्दै 'दृढतापूर्वक' अस्वीकार गरेको बताएको थियो । अर्थतन्त्र र बढ्दो जीवनयात्राको लागतको चिन्ताले पनि अशान्तिलाई बढावा दिएको छ । गत वर्षको चुनावले ओयुन-एर्डेनको मंगोलियन पिपुल्स पार्टी (एमपिपी) को बहुमतलाई उल्लेखनीय रूपमा घटाएपछि मंगोलियामा तीन पक्षीय गठबन्धन सरकारले शासन गरेको छ ।

तर एमपिपीले गत महिना दोस्रो ठूलो समूह, डेमोक्रेटिक पार्टी (डिपी) का केही युवा सांसदहरूले ओयुन-एर्डेनको राजीनामा आह्वानलाई समर्थन गरेपछि डिपीलाई गठबन्धन सम्झौताबाट निष्कासन गर्‍यो । यस कदमले देशको राजनीतिक दृश्यलाई थप अनिश्चितामा धकेल्यो ।

करिब ८२ सांसदले गोप्य मतदानमा भाग लिएका थिए, जसमा ४४ जनाले ओयुन-एर्डेनमा विश्वास राख्नको पक्षमा र ३८ जनाले विपक्षमा मत दिएका थिए । मतदानले १२६ सिट भएको संसद्बाट आवश्यक ६४ मतको थ्रेसहोल्ड पुग्न नसकेपछि ओयुन-एर्डेनलाई पद छोड्न बाध्य बनायो । *रासस⁄एएफपी*


## काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

प्रथम पटक प्रकाशन मितिः २०८२⁄०२⁄२१ गते

**श्री भवानी सामुदायिक वन उपभोक्ता समूह**, दंगीशरण गा.पा.-६, बागर, दाङको आ.व. २०८१/८२ को स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार उत्पादन भई दंगीशरण गा.पा.-६, लेटार, दाङको घाट्गद्दीमा लट बनाई राखिएको साल जातको गोलिया काठ थान ३२५ को १२३६.११ घ.फि. जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठ, दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनि प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भई वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ औं दिनभित्र खरिद गरी २२ औं दिन भित्र र सो दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै भोलि पल्ट उक्त लटको सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

- अध्यक्ष



## कतारमा रोजगार

कम्पनी : ZEAL-IT TRADING AND CONTRACTING

पूर्व स्वीकृति मिति : २०८२/०२/२० | LT. No. 324987 | चलानी नं. ६०२३८९८६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 10 | 0 | 1000 | ३७,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | SCAFFOLDING FIXER | 20 | 0 | 1100 | ४१,११८ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ २८ गते (11th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने⁄रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८⁄- कामदारले तिर्ने | रु. १,५००⁄- कामदार आफैंले | नि:शुल्क | रु.७००⁄- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sunlight Recruitment Service Pvt.Ltd.
Shantinagar, Kathmandu, Nepal Tel.01-4620777, E-mail: info@sunlightrecruitment.com.np, sunlightrecruitmentservice@gmail.com, Website : www.sunlightrecruitment.com.np



## कुवेतमा रोजगार

कम्पनी : MAMA'S BAKERY RESTAURANT CO.

पूर्व स्वीकृति मिति : २०८०/०९/०५ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०२/२० | LT. No. 296862 | चलानी नं. ६०२११८९०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BAKER / COOK | 5 | 0 | 150 | ६६,६९० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | CHEF ASSISTANT / PREPARER | 10 | 0 | 130 | ५७,८०० | | | | | | | |
| 3 | Light Vechicle Driver | 5 | 0 | 135 | ६०,०२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ २८ गते (11th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने⁄रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८⁄- कामदारले तिर्ने | रु. १,५००⁄- कामदार आफैंले | १०,००० | रु.७००⁄- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075



## साउदीमा रोजगार

कम्पनी : Safwat Al Khaleej Company

पूर्व स्वीकृति मिति : २०८२/०२/१६ | LT. No. 324876 | चलानी नं.६०२३८८१४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 10 | 0 | 1000 | ३६,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : Safwat Al Khaleej Company

पूर्व स्वीकृति मिति : २०८२/०२/१६ | LT. No. 324875 | चलानी नं.६०२३८८१२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 10 | 0 | 1000 | ३६,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ २८ गते (11th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने⁄रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८⁄- कामदारले तिर्ने | रु. १,५००⁄- कामदार आफैंले | नि:शुल्क | रु.७००⁄- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ९७५⁄०६७⁄०६८

OCTOPUS RECRUITMENT PVT.LTD
Buddha Nagar, New Baneshwor, Kathmandu, Nepal, Tel : 1-4790666/ 01-4790655,
Email: octopusre@gmail.comWeb: www.octopusrecruitment.com



## बहराइनमा रोजगार

कम्पनी : Manasalu Management Of Real Estate

पूर्व स्वीकृति मिति : २०८२/०२/२० | LT. No. 325097 | चलानी नं. ६०२३९०६९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 5 | 150 | ५४,५७० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaner General | 8 | 5 | 100 | ३६,३८० | | | | | | | |
| 3 | Office Boy | 1 | 0 | 120 | ४३,६५५ | | | | | | | |
| 4 | Receptionist | 0 | 2 | 130 | ४७,२९५ | | | | | | | |
| 5 | Sales Persons | 3 | 5 | 120 | ४३,६५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ २८ गते (11th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने⁄रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८⁄- कामदारले तिर्ने | रु. १,५००⁄- कामदार आफैंले | १०,००० | रु.७००⁄- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत न. ७९७⁄०६५⁄०६६

Saudi Nepal Recruitment Agency Pvt.Ltd.
Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal, Tel.+977-01-4720350, 4720849, 5908112, E-mail:info@saudinepal.comWebsite :www.saudinepal.com



## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १९२७०० | प्रति तोला – ० | प्रति तोला – २०४५ |



**रोपाइँको चटारो** | **यस वर्ष समयमै वर्षा भएपछि अछामका किसानहरू बने खुसी । अहिले किसानहरूलाई रोपाइँको चटारो छ । अछामको कैलाशखोलामा रोपाइँ सम्पन्न भएका खेत यतिबेला हरियालीमय बनेका छन् ।**
*तस्बिरः सुशील भण्डारी/रासस*

# 'हिमालयन ट्राभल मार्ट'को पाँचौं संस्करण सुरु

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले अन्तरराष्ट्रिय पर्यटन मेला 'हिमालयन ट्राभल मार्ट (एचटीएम)'को पाँचौं संस्करण मंगलबारदेखि होटल सोल्टीमा सुरु भएको छ ।

प्यासिफिक एसिया ट्राभल एसोसिएसन (पाटा) नेपाल च्याप्टर र नेपाल पर्यटन बोर्डले नेपाल एयरलाइन्सलगायत अन्य प्रमुख पर्यटन सङ्घ, संस्था र राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरका साझेदार संस्थासँगको सहकार्यमा सो मार्ट आयोजना गरेको हो । मार्टमा ३० भन्दा बढी मुलुकका १०० बढी विदेशी पाहुनासहित पर्यटनकर्मी, सरोकारवाला गरी ७०० प्रतिनिधिको सहभागिता छ ।

यही जेठ २२ सम्म मार्ट सञ्चालन हुने जनाइएको छ । सो मार्ट अन्तर्गत आज पहिलो दिन 'माउन्टेन माइलस्टोन र मोमेन्टम' विषयक सम्मेलन आयोजना गरिएको छ । सो सम्मेलनका वक्ताहरूले पर्यटन उद्योगको विकासका लागि एकीकृत प्रयास र अभ्यासका माध्यमबाट अगाडि बढ्नुपर्नेमा जोड दिए ।

नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले नेपालका गन्तव्यलाई विश्वसामु उजागर गर्दै दीगो पर्यटन विकासका लागि मार्ट उपयोगी हुने बताए । उनले पछिल्लो समय पर्यटनका नयाँ क्षेत्रहरू थपिँदै गएको उल्लेख गरे । 'करिब ३० वर्षअघि नेपालको ग्रामीण क्षेत्र ७० प्रतिशत थियो, तर अहिले यो अनुपात ५०/५० प्रतिशत भएको छ', सिइओ जोशीले भने, 'हामी जति शहरीकरणतर्फ गइरहेका छौं, पर्यटन त्यति नै प्रकृतिमा आधारित बन्दै गएको छ ।'

सम्मेलनमा पाटाका आजीवन सदस्य एन्ड्रियो जोन, पाटा बंगलादेश च्याप्टरका अध्यक्ष साहिद हमिद, नायिक निशा अधिकारीले आफ्ना धारणा राखेका थिए ।

मार्टका संयोजक एवम् पाटाका महासचिव नरेन्द्र देव भट्टले अन्तरराष्ट्रिय स्रोत बजारमा सशक्त सम्बन्ध सञ्जाल स्थापित गराई नेपालको पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउने उद्देश्यले पर्यटन मार्ट आयोजना गरिएको बताए ।

# 'ऊर्जा क्षेत्रको समस्या सरकारले समाधान गर्छ'

■ प्रभाव संवाददाता



**काठमाडौं–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले मुलुकको आर्थिक समृद्धिसँग जोडिएको ऊर्जा क्षेत्रको समस्या सरकारले समाधान गर्ने बताएका छन् ।

सरकारले जेठ १५ गते ल्याएको आर्थिक वर्ष २०८२/८३ को बजेटले नदीको जल प्रवाहमा आधारित जलविद्युत् आयोजनाबाट बिजुली खरिद गर्दा 'टेक एण्ड पे' नीतिअन्तर्गत मात्र खरिद गर्ने व्यवस्था गरेपछि असन्तुष्ट भएको स्वतन्त्र ऊर्जा उत्पादकको संस्था (इप्पान)को टोलीले मंगलबार बुझाएको ज्ञापनपत्र बुझ्दै मन्त्री खड्काले इप्पानको मागप्रति सरकार गम्भीर भएको बताए ।

'सरकारले सन् २०३५ सम्म २८ हजार ५०० मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिएको छ, उक्त लक्ष्य पूरा गर्न देशीविदेशी लगानीकर्ता उत्साहित भइरहेको समयमा यस्ता समस्याले लगानीकर्ताको मनोबल कमजोर हुन्छ, यस्ता समस्या हटाउनका लागि सरकार लाग्नेछ', उनले भने ।

सरकारले चाहिएको बेलामा मात्र विद्युत् लिने (टेक एण्ड पे) को नीति परिवर्तन गरी आयोजनाबाट उत्पादित विद्युत् बाह्रै महिना लिनुपर्ने (टेक अर पे)को नीति अवलम्बन गर्न इप्पानले मन्त्रीसमक्ष माग राखेको थियो ।

उक्त मागप्रति मन्त्री खड्काले 'टेक एण्ड पे' को व्यवस्था हटाएर 'टेक अर पे' को प्रावधान राख्नका लागि आफूले अर्थमन्त्रालयमा छलफल गर्ने प्रतिबद्धता समेत व्यक्त गरे । आगामी वर्षदेखि सुक्खयाममा भारतबाट बिजुली खरिद गर्न नपरोस् भनेर आफू लागिरहेको बेलामा बजेटमा यस्ता कुरा आउँदा समस्या भएको मन्त्री खड्काको भनाइ थियो ।

इप्पानका अध्यक्ष गणेश कार्कीले सरकारले ल्याएको 'टेक एण्ड पे'को नीतिले नेपाली ऊर्जा व्यवसायीको ६६ अर्ब लगानी डुब्ने खतरा उत्पन्न भएको बताए । यो नीतिले जलविद्युत् क्षेत्रमा बैंक तथा वित्तीय संस्था लगानी नगर्ने भन्दै सरकारलाई यस विषयमा गम्भीर हुन आग्रह गरे । उक्त विषयलाई संशोधन गरेर अगाडि बढ्नुपर्ने उनको भनाइ थियो ।

भेटमा ऊर्जा, जलस्रोत तथा सिँचाइ राज्यमन्त्री खमबहादुर गर्बुजा, जलस्रोत तथा सिँचाइ सचिव सरिता दवाडीलगायतको सहभागिता रहेको थियो ।

## कर्पोरेट

### कजारियाको नयाँ शोरूम भैंसेपाटीमा



**भैंसेपाटी (प्रस)–** भारतको नम्बर १ टायल कम्पनी, कजारियाले नेपालमा आफ्नो उपस्थिति अझ मजबुत बनाउँदै भैंसेपाटी, ललितपुरमा अत्याधुनिक शोरूम उद्घाटन गरेको छ । क्लासिक मार्बल प्रा.लि. द्वारा सञ्चालित यस शोरूमले उच्च गुणस्तरका टायलहरूको बढ्दो मागलाई पूरा गर्ने लक्ष्य राखेको छ ।

उद्घाटन समारोहमा प्रमुख अतिथिको रूपमा ललितपुर महानगरपालिका वडा नम्बर १८ का वडाअध्यक्ष दामोदर खड्काको उपस्थिति रहेको थियो । साथै, कजारिया रमेश टाइल्स लिमिटेडका राष्ट्रिय सेल्स प्रबन्धक अभ्यास भुषण तिवारीको उपस्थितिले कार्यक्रमलाई थप गौरवमय बनायो । यस अवसरलाई विशेष बनाउन, प्रमुख अतिथिले रिबन काटेर यस महत्वपूर्ण विस्तारको शुभारम्भ गरे ।

समारोहलाई सम्बोधन गर्दै वडाध्यक्ष खड्काले नयाँ शोरूमको उद्घाटनप्रति आफ्नो उत्साह व्यक्त गरे । उनले भने, 'भैंसेपाटीमा कजारियाको यस नयाँ शोरूमको उद्घाटन क्षेत्रीय विकासतर्फको एक महत्वपूर्ण कदम हो । यस रणनीतिक विस्तारले स्थानीय व्यापारिक अवसरहरू बढाउनुका साथै हाम्रा आर्किटेक्ट, निर्माण व्यवसायी र घरधनीहरूलाई अब उत्कृष्ट गुणस्तरका विश्वस्तरीय टायलहरू आफ्नै शहरमा सहज रूपमा उपलब्ध गराउनेछ ।'

ललितपुर जिल्लाको महत्वपूर्ण क्षेत्र भैंसेपाटीमा रहेको यो नयाँ शोरुमले प्रिमियम टायलहरूको विस्तृत संग्रह प्रदान गर्दछ, जसले ग्राहकहरूलाई सजिलो पहुँच र सुविधा सुनिश्चित गर्दछ । यसको विस्तारसँगै, कजारिया उच्च गुणस्तर र डिजाइनका नयाँ मापदण्डहरू सेट गर्ने आफ्नो मिशनलाई निरन्तर अघि बढाउँदै नेपालका निर्माण सामग्रीको क्षेत्रमा आफ्नो नेतृत्वलाई बलियो बनाउँदै छ ।

प्रिमियम टाइल्सलाई नेपालभर सहजै उपलब्ध गराउने आफ्नो लक्ष्यलाई निरन्तरता दिँदै यो शोरुमको शुभारम्भ कजारियाको लागि महत्वपूर्ण उपलब्धि हो । नेपालभर ४० भन्दा बढी एक्सक्लुसिभ शोरूमहरू र १०० भन्दा बढी भरपर्दो डिलरहरूको बढ्दो नेटवर्कको साथ, कजारिया प्रिमियम टाइल्सको क्षेत्रमा एक परिचित नाम बन्न सफल भएको छ ।

### दरमखोला हाइड्रो इनर्जीको आइपिओ आउँदै

**काठमाडौं (प्रस)–** नेपाल धितोपत्र बोर्डले दरमखोला हाइड्रो इनर्जी लिमिटेडलाई आईपीओ निष्काशन गर्न स्वीकृति प्रदान गरेको छ । नेपाल धितोपत्र बोर्डले मंगलबार दरमखोला हाइड्रो इनर्जी लिमिटेडलाई आईपीओ निष्काशनका लागि विवरणपत्र प्रकाशनको स्वीकृति दिएको हो । धितोपत्र ऐन, २०६३ को दफा ३० को उपदफा (१) बमोजिम प्राप्त स्वीकृतिपछि कम्पनीले रु. १०० अंकित मूल्यका ३९ लाख ५० हजार कित्ता साधारण शेयर सर्वसाधारणका लागि निष्काशन गर्ने प्रक्रिया प्रारम्भ गरेको हो । यस आईपीओको विक्रि प्रबन्धकको जिम्मेवारी लक्ष्मी सनराइज क्यापिटल लिमिटेडले लिएको छ भने आईपीओ निष्काशन, आवेदन संकलन र बाँडफाँडको सम्पूर्ण कार्यको व्यवस्थापन गर्नेछ । धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त भएपछि, कम्पनीले नियमानुसार आगामी केही दिनमै शेयर निष्काशनको मिति, आवेदन प्रक्रिया, फर्म वितरण, बाँडफाँड विधि लगायतका विवरण सार्वजनिक सूचनामार्फत जानकारी गराउनेछ ।

### किसान साकोसको दोस्रो पूर्ण सदस्य वडा घोषणा

**गैंडाकोट (प्रस)-** नवलपरासी (वर्दघाट सुस्ता पूर्व) जिल्लाको गैंडाकोटमा मुख्य कार्यालय रहेको किसान साकोसले मध्यविन्दु नगरपालिका वडा नं.१० का ९६ प्रतिशत भन्दा बढी घरधुरी समेटेकोमा पूर्ण किसान सदस्य वडा घोषणा गरेको छ । कार्यक्षेत्र विस्तार भन्दा स्वीकृत कार्यक्षेत्र भित्र सेवाको सघनता बढाउने उद्देश्यसहित किसान साकोसले पूर्ण सदस्य वडा घोषणाको अभ्यास प्रारम्भ गरेको हो ।

६७औं राष्ट्रिय सहकारी दिवस (२०८० चैत्र २०) को अवसरमा नेपालमै पहिलो पटक गैंडाकोट नगरपालिका वडा नं. ८ लाई पूर्ण सदस्य वडा घोषणा गरी अभियान सुरु गरेको थियो । सोमबार एक समारोहका बीच मध्यविन्दु नगरपालिकाका नगर प्रमुख भीमलाल अधिकारीले मध्यविन्दु नपा १० लाई पूर्ण किसान सदस्य वडा घोषणा गरेका हुन् ।

पूर्ण किसान सदस्य वडा घोषणा समारोहलाई सम्बोधन गर्दै प्रमुख अतिथि अधिकारीले सहकारी संस्थाहरू बचत संकलन र ऋण लगानीमा मात्र अल्झिने नभई जीवन जीउने तरिका बदल्न समेत सिकाउनु पर्ने बताए । समग्र मुलुकको एक तिहाई भन्दा बढी जनसंख्या आबद्ध रहेको सहकारी क्षेत्रले समाजमा रहेका विभिन्न खाले अराजकताहरूलाई चिर्दै सभ्य समाज निर्माणमा योगदान दिनु पर्नेमा जोड दिए । 'सहकारीले उत्पादन वृद्धिमा जोड दिनुपऱ्यो । स्थानीय रोजगारी सिर्जना, अर्गानिक र पोषणयुक्त आहारको लागि आफ्नो खेत बारी मात्र प्रयोग गर्ने हो भने पनि स्वस्थ जीवन बिताउन सकिन्छ', अधिकारीले भने ।



नगरपालिका भित्र समग्र सहकारीको वृद्धि र विकासका लागि नगरपालिका सकारात्मक रहेको भन्दै आफू सहकारी क्षेत्रको विज्ञ नभएकोले सहकारीका विज्ञहरूबाट निरन्तर सुझाव दिनुपर्ने बताए । 'सहकार्यका क्षेत्र पहिचान गरौं । विकास र समृद्धिको लागि हातेमालो गरौं', उनले भने । सहकारीको ऋण असुलीमा धितो लिलाम गर्नुपर्ने अवस्थामा जनप्रतिनिधिहरूलाई सिफारिस नदिन धम्क्याउने सम्मको अवस्था रहेको भन्दै त्यसले सही बाटो नलिने हुँदा सदस्यले संस्थामा राखेको बचत सुरक्षित गर्नुपर्नेमा आफू सकारात्मक रहेको बताए ।

नेफ्स्कूनका सञ्चालक गोपाल प्रसाद गौतम, जिल्ला सहकारी संघका अध्यक्ष तिलक पराजुली, मध्यविन्दु उद्योग वाणिज्य संघका अध्यक्ष किरण कुमार श्रेष्ठ लगायत स्थानीय संघ संस्थाका अध्यक्ष एवम् जनप्रतिनिधिहरूको उपस्थिति थियो ।

# नेप्सेमा उच्च अंकको गिरावट

**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा उच्च अंकको गिरावट आएको छ । मंगलबार नेप्से परिसूचक ३५ दशमलव ७३ अंकले घटेर दुई हजार ६५८ दशमलव ९३ को विन्दुमा कायम भएको हो । यो एक दशमलव ३२ प्रतिशतको गिरावट हो ।

तीन सय १५ कम्पनीको एक करोड ५५ लाख ३८ हजार ४७४ कित्ता शेयर ७५ हजार ५०८ पटक खरिदबिक्री हुँदा रु छ अर्ब ६७ करोड ९५ लाख ६१ हजार ३२४ बराबरको कारोबार भएको छ । कारोबारमा सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै बैंकिङ समूह दुई दशमलव ३४ र होटल तथा पर्यटन समूह दुई दशमलव १२ प्रतिशतले घटेको छ । त्यस्तै, विकास बैंक एक दशमलव १४, वित्त शून्य दशमलव ८३, जलविद्युत् शून्य दशमलव ९६, लगानी एक दशमलव २९ र जीवन बिमा समूह शून्य दशमलव ७४ प्रतिशतले घटेको छ ।

यसैगरी, उत्पादन तथा प्रशोधन शून्य दशमलव ०१, लघुवित्त एक दशमलव २७, म्युचल फन्ड शून्य दशमलव ०१, निर्जीवन बिमा शून्य दशमलव ६८, व्यापार एक दशमलव ३७ र अन्य समूह शून्य दशमलव ९८ प्रतिशतले घटेको छ ।

कारोबारमा प्युअर इनर्जी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेडका शेयर मूल्य चार दशमलव ३८ प्रतिशतले घटेको छ ।

# 'पर्यटन क्षेत्रको विकासका लागि नीतिगत सुधार गर्छौं'

**काठमाडौं (प्रस)–** संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव हरिप्रसाद मैनालीले पर्यटन क्षेत्रको विकासका लागि नीतिगत सुधार गरिने बताएका छन् । नेपाल पर्यटन बोर्डका अध्यक्षसमेत रहेका सचिव मैनालीको स्वागतका लागि बोर्डमा आयोजित कार्यक्रममा उनले आर्थिक समृद्धिको आधारका रूपमा रहेको पर्यटन प्रवर्द्धन गर्न सबै सक्रिय हुनुपर्नेमा जोड दिए ।

सचिव मैनालीले भने, 'पर्यटन प्रवर्द्धनका लागि नीतिगत सहजीकरण गर्नेछु । नेपालको समृद्धिको आधार पर्यटन हो । यसले रोजगारी सिर्जना गर्छ, आयआर्जन गर्छ, राष्ट्रिय पहिचान विश्वमा फैलाउँछ ।' उनले बोर्डका कामलाई नतिजामुखीबनाउन नीतिगत सहजीकरण गरी समस्या समाधान गर्ने विश्वास व्यक्त गरे ।

यसैबीच बोर्डका अध्यक्षसमेत रहेका सचिव मैनालीले नवनियुक्त सदस्यहरू नरेन्द्रदेव भट्ट र कुमारमणि थपलियालाई पद तथा गोपनीयताको शपथ गराए । जोशीले बोर्डको हालका गतिविधि, बोर्डले अख्तियार गरेको रणनीति तथा आगामी योजना प्रस्तुत गर्नुका साथै नयाँ नेतृत्वसँग सहकार्य गर्दै पर्यटन क्षेत्रको दिगो र समुन्नत विकासमा केन्द्रित हुने बताए ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ